का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ असोज २०८२
शनिबार
20 September 2025
Saturday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २३० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# पूर्ण, अष्ट र पम्फालाई अघोषित कार्यभार



तीन महिनामा महाधिवेशन गर्न सकिन्छ । अधिवेशनबाटै पार्टीको नीति, नेतृत्वसहित सबै छिनोफानो गरौं ।

■ **प्रदीप पौडेल**
केन्द्रीय सदस्य
नेपाली कांग्रेस



संक्रमणकालीन अवस्थासम्म उपाध्यक्ष अष्टलक्ष्मी शाक्यलाई अघोषित कार्यभार दिएर जाने अध्यक्षको संकेत छ ।

■ **विशाल भट्टराई**
पोलिटब्युरो सदस्य
नेकपा एमाले







**जीवन शर्मा/ मध्यान्ह**
काठमाडौं, ३ असोज

नेकपा एमालेको मुख्यालय च्यासलमा शुक्रबार संविधान दिवस मनाउँदा फरक दृश्य देखियो । सेनाको ब्यारेकबाट फर्किए पनि पार्टी अध्यक्ष केपी शर्मा ओली पार्टी कार्यक्रममा अनुपस्थित रहे । पार्टी अध्यक्ष नहुँदा वरिष्ठ उपाध्यक्षले स्वतः नेतृत्व लिनुपर्ने हो । तर ईश्वर पोखरेललाई पाखा लगाएर उपाध्यक्ष अष्टलक्ष्मी शाक्यलाई अघि सारियो । शाक्यको नेतृत्व झल्किने गरी पहिलो औपचारिक कार्यक्रम गरेर पार्टी संस्थापनले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी समूहलाई प्रस्ट सन्देश दिएको छ।

संस्थापन पक्षले ईश्वर पोखरेललाई पाखा लगाएर उनको अस्तित्व स्वीकार नचाहेको सन्देश दिएको स्थायी कमिटी सदस्य कर्ण थापा बताउँछन्। 'पार्टीलाई नियमानुसार अघि बढाउन नखोजेको देखियो,' उनले मध्यान्हसँग भने, 'यो स्थिति आइसक्दासमेत मूल नेतृत्वको वरिपरि घुम्नेहरूले वैधानिक हिसाबमा आउने वरिष्ठ उपाध्यक्षलाई निषेध गर्न खोजेको छ ।'

अध्यक्ष ओली अनुपस्थित हुनु र वरीयता मिचेर शाक्यको अध्यक्षतामा कार्यक्रम गरेर एमाले संस्थापनले अघोषित रूपमा परिआए विकल्पमा शाक्यलाई अघि सार्ने सन्देश दिएको छ। तर तत्काले नेतृत्व हस्तान्तरण भने गर्ने मुडमा ओली देखिँदैनन्।

ओली मात्र होइन, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालमाथि पनि नेतृत्व हस्तान्तरणको दबाब बढेको छ । यी तीनै नेताहरू भरसक नछाड्ने छाड्नै परे आफूअनुकूलका नेता अघि सार्ने तयारीमा देखिन्छन्। मुख्य दलका यी नेताहरू अहिले घरबारविहीन बनेका छन् । एमाले अध्यक्ष ओली सैनिक ब्यारेकबाट गुन्डुमा डेरा सरेका छन् । माओवादी अध्यक्ष प्रचण्डले पनि खुमलटार छाडिसकेका छन् भने कांग्रेस सभापति देउवा अस्पतालमै छन् । जेनजी आन्दोलनका क्रममा प्रदर्शनकारीको आक्रमणबाट उनको टाउकोमा १२ वटा टाँका लगाउनुपर्नेगरी चोट लागेको छ। उनी अहिले पनि अस्पतालमै छन् ।

१० दिनसम्म सेनाको ब्यारेकमा बसेर निस्किएका नेताहरूले विस्तारै राजनीतिक गतिविधिमा सक्रिय हुन थालेका हुन् । ओली र प्रचण्डले पार्टीका नेता कार्यकर्तासँग भेटघाट सुरु गर्दै पार्टीमा नेतृत्व जोगाउन कसरत सुरु गरिसकेका छन् । ११औं संविधान दिवसमा तीनवटै दलले आआफ्नै कार्यालयमा कार्यक्रम राखेर नेताहरूलाई मैदानमा उतारेका छन् । कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले पार्टीभित्र र बाहिर समन्वयको भूमिकामा देखिएका छन् । शुक्रबार पार्टीको कार्यसम्पादन समितिको बैठक उपसभापति खड्काकै नेतृत्वमा बसेको छ। 'पार्टी नेतृत्वको >>> पृष्ठ २ मा

## गगन–विश्वको प्रस्ताव तुहियो

सबै दलका युवा नेताहरूका लागि यो समय शीर्ष नेतृत्वको विकल्प खोज्ने यो नै उत्तम समय बनेको छ । जेनजी आन्दोलनको रापले तातेकैबेला पार्टी नेतृत्वको विकल्पलाई मूल एजेन्डा बनाएका दोस्रो र तेस्रो पुस्ताका नेताहरूले विशेष महाधिवेशनबाट पार्टीमा पुनर्संरचनाको बहस सुरु गरेका छन् ।

नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, नेताहरू चन्द्र भण्डारी, जीवन परियार, प्रदीप पौडेल, रञ्जित कर्ण, गुरुराज घिमिरे, नैनसिंह महर, प्रतिमा गौतम, भूपेन्द्रजंग शाहीसहितका नेताहरूले सभापति देउवाले पार्टी नेतृत्वबाट बिदा लिनपर्ने सुझाव दिएका छन्। कांग्रेसमा १५औं महाधिवेशनको समय कम्तीमा एक वर्षपछि धकेल्ने र देउवा छैटौंपटक प्रधानमन्त्री भएपछि मात्रै महाधिवेशन गर्ने तयारी थियो । तर जेनजी आन्दोलनले उनका दुवै सपना चकनाचुर पारिदिएको छ। पुराना राजनीतिक दल र पुराना नेताहरूप्रति आक्रोशित युवाले नरुचाएका नेताहरूले फेरि टाउको उठाउने आशंका पार्टीभित्र कायमै छ। आगामी मंसिरमा कार्यकाल समय सकिने >>> पृष्ठ २ मा



# बालीमा बढ्यो किरा पलायन भए किसान

एकातिर प्राकृतिक प्रकोपको बढोत्तरीले खाद्य उत्पादन कम हुँदा कृषकहरूको जीविकोपार्जनमा संकट पैदा भएको छ । अर्कोतिर जलवायु परिवर्तनका कारण रोग र किरा ज्यादा लाग्ने उपचारमा समेत समस्या हुँदा किसानहरू पेसाबाटै पलायन हुन थालेका छन् ।



कृषि अनुदानको दुरुपयोग नहोस् र व्यवसायीहरू पनि सहभागी हुन सकून् भनेर सापटी दिने नयाँ नियम लागू गरिएको छ ।

■ **छत्रबहादुर सुब्बा**
अध्यक्ष, छथर जोरपाटी गाउँपालिका, धनकुटा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ असोज

जलवायु परिवर्तनबाट नेपालमा खाद्य उत्पादन प्रणालीमा असर परिरहेको संसदीय अध्ययनले देखाएको छ। राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिले गरेको 'खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी अध्ययन'ले जलवायु परिवर्तन तथा यसका असरका रूपमा सिर्जित प्रकोपका कारण खाद्य सुरक्षाका सबै अयामलाई नकारात्मक प्रभाव परेको देखाएको हो ।

खाद्य उत्पादन, खाद्य उपलब्धता, खाद्य उपभोग, खाद्य पहुँच र खाद्य स्थिरतामा नकारात्मक प्रभाव पर्नुको कारणमा अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि, तापक्रमको वृद्धि आदि देखाइएको छ। अध्ययन प्रतिवेदनमा भनिएको छ, 'बाढी, खडेरी र पहिरोजस्ता प्रकोपमा बढोत्तरीको प्रभावले खाद्य उत्पादन प्रणालीमा ह्रास भई सो पेसामा आश्रित कृषकहरूको जीविकोपार्जनमा समेत संकट पैदा गर्ने स्थिति आउन सक्ने अवस्था रहेको देखियो ।'

एकातिर प्राकृतिक प्रकोपको बढोत्तरीले खाद्य उत्पादन कम हुँदा कृषकहरूको जीविकोपार्जनमा संकट पैदा भएको छ । अर्कोतिर जलवायु परिवर्तनका कारण रोग र किरा >>> पृष्ठ २ मा

# शहीद परिवारलाई न भैंसी न भत्ता

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, ३ असोज

संविधान घोषणा गर्दा मधेसका मुद्दा नसमेटिएको भन्दै आन्दोलन आह्वान गरेका मधेस केन्द्रित दलले त्यतिबेला अनेक आश्वासन बाँडे । आन्दोलन क्रममा शहीद हुनेलाई ५० लाख क्षतिपूर्ति दिनेदेखि मधेस सरकारले हेर्नेजस्ता अनेक घोषणा गरे । प्रदेश सरकारले स्वास्थ्य बिमा र मासिक भत्ताजस्ता सुविधा दिने निर्णय पनि गर्‍यो । तर ती प्रतिबद्धता पूरा नहुँदा मधेस आन्दोलनका शहीद परिवार समस्यामा छन् ।

संविधानप्रति असन्तुष्टि पोख्दै २०७२ असोजमा भएको तेस्रो मधेश आन्दोलनमा ६० भन्दा धेरैको ज्यान गयो । तीमध्ये रौतहटका धेरै छन् । आन्दोलनको बलिदानले नै मधेश प्रदेशको निर्माण सम्भव भए पनि शहीद परिवार बेवास्तामा परिरहेका छन् । मध्यान्ह प्रतिनिधि शहीदको घर पुग्दा परिवारले राज्यको आश्वासन र दैनिक संघर्षको पीडा सुनाएका छन् ।

■ **शेख मैनुद्दीन ओस्ताको टुटेका सपना**

रौतहटको राजपुर नगरपालिका-३, बलुवा टोलकी समिना बेगमको बितेको दशक निकै पीडादायी रह्यो । २०७२ भदौ २७ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको 'चलु गौर, भरु गौर' आह्वानमा सहभागी भएका उनका श्रीमान् शेख मैनुद्दीन प्रहरीको गोलीबाट घाइते भए। वीरगन्जको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचाररत शेख पुस १९ गते बिते । राज्यले शहीद घोषणा गरी १० लाख रुपैयाँ क्षतिपूर्ति त दियो तर यो रकमले परिवारको जीविका धान्न सकेन ।

समिनालाई श्रीमानको स्मृति र छोराछोरीको भविष्यले सताउँछ । 'आन्दोलन चलिरहँदा नेताहरू घुम्न आउँथे, फोटो खिचाउँथे, आश्वासन दिन्थे । अब त कसैलाई मतलब छैन,' उनले भक्कानिँदै भनिन् । उनले छोराछोरीको उच्च शिक्षाको सपना बोकेकी छन् तर गुजारा चलाउन ज्याला मजदुरीबाहेक अर्को बाटो छैन। प्रदेश सरकारले शहीद परिवारलाई दुधालु भैंसी वितरण गरेको दाबी गर्छ। तर यस परिवारले पाएको छैन । 'नोकरीको आश्वासन दिए। जीवन धान्न सहयोग दिने भने तर कोही सोधखोजसम्म गर्दैनन्,' उनी भन्छिन् ।

■ **विद्यार्थी शहीद परिवारको विलाप**

गौरमा डेरा गरी बस्ने परोहा नगरपालिका-३, तेजापाकडका शम्स तबरेज २०७२ पुस ५ गते संविधान खारेजीको माग गर्दै प्रदर्शनमा सहभागी थिए । जुद्ध उच्च माविको कक्षा ९ का विद्यार्थी शम्सलाई प्रहरीको गोली लाग्यो । उनी ढले । अस्पताल पुर्‍याउँदा उनको मृत्यु भइसकेको थियो । १७ वर्षीय छोराको लासमा बिलाप गरिरहेका बाबु फुरोज अख्तरलाई समवेदना दिन मन्त्री जितेन्द्र सोनलसहितका नेताहरू पुगे तर त्यसपछि पनि कसैले सहयोग गरेन ।

फुरोज भन्छन्, 'प्रदेश सरकारले शहीद परिवार चिन्न छाडेको छ। भैंसी >>> पृष्ठ २ मा



तस्बिर : एआई

**वैदेशिक रोजगार विशेष**

# अवैधानिक रूपमा युक्रेन पुगेका दुई नेपालीको उद्धार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असोज

वैदेशिक रोजगारीका लागि अवैधानिक रूपमा भारतको बाटो हुँदै युद्धग्रस्त मुलुक युक्रेन पुगेका दुई जना नेपालीको उद्धार गरी स्वदेश फर्काइएको छ । गैरआवासीय नेपाली संघ (एनआरएनए)को पहल र जर्मनीस्थित नेपाली दूतावासको समन्वय तथा सहजीकरणमा युक्रेनस्थित सैन्य क्याम्पमा रहेका उनीहरूलाई स्वदेश फर्काइएको हो ।

रौतहटका २८ वर्षीय जयप्रकाश शाह र बागलुङका २३ वर्षीय सन्देश केसीलाई उद्धार गरिएको हो । उनीहरू विगत १४ महिनादेखि सैन्य क्याम्पमा रहेका थिए ।

लामो समयसम्म सैन्य क्याम्पमा बस्न बाध्य उनीहरूले केही समयअघि एनआरएनएका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउतलाई सम्पर्क गरी उद्धारका लागि पहल गर्न आग्रह गरेका थिए । त्यसपछि संघले आवश्यक सहजीकरणका लागि दूतावाससँग समन्वय गर्दै आएको बताएको छ । युक्रेनबाट मल्दोवा र भारतको नयाँ दिल्ली हुँदै शुक्रबार दिउँसो १ बजे उनीहरू दुवै जना काठमाडौं आइपुगेका हुन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उनीहरूलाई संघको सचिवालयबाट प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउत र कनिष्ठ अधिकृत निरोज महर्जनले स्वागत गरेका थिए । उनीहरू दुवै जनाले दुःखका बेलामा गैरआवासीय नेपाली संघ र जर्मनीस्थित नेपाली दूतावासले पुर्‍याएको समन्वय, सहयोग र सहजीकरणका लागि धन्यवाद दिएका छन् ।

परराष्ट्र मन्त्रालयले उद्धार कार्यमा सहयोग गर्ने युक्रेनको सीमा सुरक्षा सेवा कार्यालय, गैरआवासीय नेपाली संघ जर्मनी र यस कार्यमा सहयोगी अन्य निकाय, व्यक्ति तथा सरोकारवालाहरूलाई धन्यवाद दिएको छ । परराष्ट्र मन्त्रालयले विदेश यात्रा गर्दा सम्बन्धित >>> पृष्ठ २ मा

## क्यारेफोर कम्पनी विस्थापित हुँदा नेपाली कामदारलाई असर

**युएई/मस-** के नयाँ हाइपरम्याक्स स्टोरहरूले गल्फ कोअपरेसन काउन्सिल (जिसिस) कब्जा गरेपछि क्यारेफोरले युएई छोड्दै छ ? सन् १९९५ देखि मध्यपूर्व र उत्तर अफ्रिकामा उच्चस्तरीय सुपरमार्केट सञ्चालन गरेको क्यारेफोरले केही दिनअघि कुवेत र बहराइनबाट फिर्ता भएको बताएको थियो । क्यारेफोरका ठाउँमा हाइपरम्याक्स नयाँ स्वदेशी किराना ब्रान्ड सञ्चालनमा ल्याइएको छ । तर युएईमा भने क्यारेफोर ब्रान्ड नै रहने बताइएको छ । आकर्षक तलब सुविधा रहेको क्यारेफोरमा तल्लादेखि माथिल्ला म्यानेजर पदहरूमा धेरै नेपाली कार्यरत छन् ।

# जेनजी प्रदर्शन भ्रष्टाचारप्रतिको असन्तुष्टिको प्रतिविम्ब : प्रधानमन्त्री



**काठमाडौं/मस-** प्रधानमन्त्री सुशीला कार्कीले गत भदौ २३ र २४ गते जेनजी युवाको अगुवाइमा भएको विरोध प्रदर्शन र आन्दोलन युवापुस्ताको चाहना, जनताको बढ्दो चेतनास्तर र मुलुकमा विद्यमान भ्रष्टाचारप्रतिको असन्तुष्टिको प्रतिविम्ब भएको बताएकी छन् ।

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ का अवसरमा टुँडिखेलस्थित सैनिकमञ्चमा आयोजित मूल समारोहमा उनले संविधानको मर्म र भावनाबमोजिम सुशासन, समृद्धि र विकासको क्षेत्रमा भएका कमीकमजोरी र त्यसबाट सिर्जित असन्तोष, अभाव वा अपेक्षा पूरा नभएकाले पनि यो आन्दोलनको जन्म भएको कुरालाई स्वीकार गर्नुपर्ने उल्लेख गरिन् ।

प्रधानमन्त्री कार्कीले भनिन्,'यस आन्दोलनलाई मैले हाम्रो लोकतान्त्रिक प्रणालीको स्वास्थ्यसँग पनि जोडेर हेरेको छु किनभने लोकतन्त्र भनेको जनताको आवाज सुन्ने, संवाद गर्ने र समाधान खोज्ने प्रणाली हो ।'

जेनजी पुस्ताको आन्दोलन राज्यका तर्फबाट व्यक्त गरिएको प्रतिबद्धताअनुसारको संघीय गणतन्त्रात्मक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानुनी राज्य, सुशासनलगायतका लोकतान्त्रिक मूल्यमान्यतामा खरो उत्रन नसक्नुको परिणाम पनि भएको उनको भनाइ थियो ।

युवापुस्ताले उठाएका रोजगारीको अवसर, गुणस्तरीय जीवनस्तर, सरकारका कामकारबाहीमा पारदर्शिता, कानुनी समानता, भ्रष्टाचारको अन्त्य, सुशासन र विकासजस्ता सवाल यथार्थमा नै सबै पुस्ताका साझा अपेक्षा र राष्ट्रिय 'एजेन्डा' भएको उनले उल्लेख गरिन् । यी एजेन्डालाई आत्मसात् गर्दै जनअपेक्षाबमोजिम काम गर्न सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त सार्वजनिक संरचनाको पुनःनिर्माण गर्नुपर्ने एवं व्यावसायिक प्रतिष्ठानमा पुग्न गएको क्षतिबाट देशलाई माथि उठाउनुपर्ने चुनौती रहेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले विकासको संवाहकका रूपमा रहेको निजी क्षेत्रको मनोबल बढाउनुपर्ने र तोकिएको समयमै निर्वाचन सम्पन्न गर्नुपर्नेमा जोड दिइन् ।

यस सन्दर्भमा, क्षतिको पुनःनिर्माण र विकासको महाअभियानमा सहभागी हुन उनले सम्पूर्ण युवापुस्ता, राजनीतिक दलहरू, राष्ट्रसेवक कर्मचारीहरू, निजी क्षेत्र, विकास साझेदारहरू र आमनागरिकलाई आह्वान गरिन् ।

प्रधानमन्त्री कार्कीले शासकीय शैलीप्रति जनताका असंख्य गुनासा, आक्रोश र असन्तुष्टिहरू रहेको उल्लेख गर्दै ती असन्तुष्टिलाई एकैचोटि सम्बोधन गर्न कठिन भए तापनि वर्तमान सरकारले आफ्नो स्रोतसाधन र क्षमताले भ्याएसम्म ती समस्याको समाधान गर्न इमानदार प्रयास गर्ने विश्वास दिलाइन् ।

वर्तमान सरकार नागरिकप्रति पूर्ण जवाफदेही रहने प्रतिबद्धता व्यक्त गर्दै नागरिक पनि आफ्ना कर्तव्यप्रति सचेत रहनु हुनेछ भन्ने विश्वास उनले व्यक्त गरिन् ।

नेपाली जनताले चुनेका प्रतिनिधिमार्फत संविधानसभाले बनाएको नेपालको संविधान जारी भएको दिनलाई संविधान दिवस तथा राष्ट्रिय दिवसका रूपमा उत्साहपूर्वक मनाइएको बताउँदै प्रधानमन्त्री कार्कीले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले एक दशक पूरा गरेको यस गौरवपूर्ण घडीमा सम्पूर्ण नेपाली जनतामा शुभकामना व्यक्त गरिन् ।

## पूर्ण...

विकल्पबारे सुझबुझपूर्ण ढंगबाट अघि बढ्नुपर्ने अहिलेको परिस्थितिलाई सबै नेता साथीहरूले अत्यन्तै संवेदनशील बन्नुपर्छ,' उनले मध्यान्हसँग भने, 'अहिले पार्टी मात्रै होइन, सिंगो देशमा संकट छ । यसबेला सबैले एक भएर पार्टी र मुलुकलाई बचाउनु छ । सभापति उपचारमा रहेकाले उहाँको स्वास्थ्य ठिक भएपछि मात्र हामी बृहत् छलफल गरेर पार्टीलाई रूपान्तरण र पुनर्संरचित गर्नेछौं ।'

खड्काको यो भनाइले कांग्रेसमा तत्काल पार्टी सभापतिको विकल्प खोज्ने सम्भावना देखिँदैन । तर पार्टीको अघोषित कार्यभार उपसभापति खड्काले नै सम्हालेका छन् । खड्कालाई औपचारिक रूपमा कार्यवाहक सभापतिको भूमिका भने दिइएको छैन । गुटका हिसाबले मात्र होइन, वरिष्ठताका हिसाबले खड्का देउवापछिका नेता हुन् ।

ओलीमा नेतृत्व हस्तान्तरण पेचिलो बनेको छ । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई एमालेमा फर्किन रोक्ने निर्णयपछि संस्थापन र इतर समूहहरू एकअर्काविरुद्ध उत्रिएको बेला परिस्थिति ओलीको प्रतिकूल गएको छ । वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, स्थायी कमिटी सदस्य कर्ण थापालगायत नेताहरूले पार्टीका हरेक बैठकमा फरक मत राख्दै आएका थिए । गत भदौ २०-२२ मा भएको विधान महाधिवेशनमा नेता थापाले सो समूहका तर्फबाट फरक प्रस्ताव पेस गरेका थिए । विधान महाधिवेशनले आगामी नेतृत्वका लागि ओलीलाई नै निर्विकल्प बनाउने तयारी गरे पनि जेनजी आन्दोलनले सो योजनालाई धक्का दिएको छ । आन्दोलनपश्चात् सार्वजनिक कार्यक्रममा नदेखिएका ओलीले संक्रमणकालीन अवस्थासम्म उपाध्यक्ष शाक्यलाई अघोषित कार्यभार दिएर जाने संकेत गरेको एमालेका पोलिटब्युरो सदस्य विशाल भट्टराई बताउँछन् । तर त्यस्तो अवस्थामा पार्टीभित्र थप समस्या उत्पन्न हुने एमाले संस्थापन इतरका नेताहरूले बताएका छन् । जेनजी आन्दोलनका घाइते भेट्न पूर्वराष्ट्रपति भण्डारीको दौडधुप बढ्दै जाँदा ओलीमाथि तत्काल नेतृत्व छाड्न दबाब बढ्ने कतिपय नेताहरूले दाबी छ । तर स्थायी र केन्द्रीय कमिटीमा प्रस्ट बहुमत रहेकाले ओलीको इच्छाबिना भण्डारी समूहले नेतृत्व हस्तान्तरण गराउन नसक्ने नेताहरू बताउँछन् ।

माओवादी केन्द्रमा पनि उपमहासचिव जनार्दन शर्माले अध्यक्ष प्रचण्डको राजीनामा मागेपछि नयाँ हलचल आएको छ । नेतृत्व परिवर्तनको बहसले व्यापकता पाउन थालेपछि प्रचण्डले वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठलाई पाखा लगाएर उपाध्यक्ष पम्फा भुसाललाई छाया नेतृत्व तयार गर्दै छन् । त्यो रणनीतिले पार्टीमा खैलाबैला हुने अवस्था आएको छ भने भुसालभन्दा प्रचण्डबाटै पार्टी सम्हालिन्छ भनेर अभियान चलाउन लगाइएको छ । त्यसले यसपटक पनि उपमहासचिव जनार्दन शर्मालाई नै ब्याकफायर हुने स्थिति छ ।

## गगन-विश्वको...

भएकाले यो तीन महिनाको समयभित्रै नियमित महाधिवेशन गर्नेगरी अघि बढ्नुर्ने नेता प्रदीप पौडेलले बताउँछन् । उनले मध्यान्हसँग भने 'कांग्रेसको नियमित महाधिवेशनको समय आइसकेको छ । तीन महिनामा महाधिवेशन गर्न सकिन्छ । आमनिर्वाचनअघि महाधिवेशनमा जानुपर्छ र अधिवेशनबाटै पार्टीको नीति, नेतृत्वसहित सबै छिनोफानो गरौं भन्ने मेरो धारणा हो । पार्टीप्रति जनविश्वास बढाउने यो भन्दा अर्को विकल्पमा जानुहुँदैन ।' कतिपय नेताहरूले पार्टीको विशेष महाधिवेशन भने पनि सबै पदाधिकारीको कार्यकाल मंसिरभित्रै सकिने हुँदा यसलाई नियमित महाधिवेशनकै रूपमा लिनुपर्ने पौडेलले बताए । तर, शुक्रबार कांग्रेसको कार्यसम्पादन समिति बैठकमा महामन्त्रीद्वय थापा र शर्माले विशेष महाधिवेशन गरेर नेतृत्व परिवर्तन गर्ने प्रस्ताव राखे पनि त्यसमा अधिकांश नेताहरूको समर्थन पाउन सकेनन् । कांग्रेसका सञ्चार तथा प्रचारविभाग प्रमुख मीन विश्वकर्माले तत्कालका लागि कसैलाई पनि कार्यवाहक सभापतिको जिम्मेवारी नदिने र पार्टीको विशेष महाधिवेशन पनि नबोलाउने कार्यसम्पादन समितिको निर्णय भएको उनले बताए । कांग्रेसले राजनीतिक परिस्थिति हेरेर चाँडै केन्द्रीय समिति बैठक आह्वान गर्ने तयारी गरेको छ । नेकपा एमाले, माओवादी केन्द्र र रास्वपामा समेत पार्टी पूर्नसंरचनाको बहस भइरहँदा पार्टीको आगामी नीति र नेतृत्वको खोजी हुने गरेको नेताहरूले बताएका छन् ।

## बालीमा...

ज्यादा लाग्ने उपचारमा समेत समस्या हुँदा किसान पेसाबाटै पलायन हुन थालेका छन् ।

अध्ययन प्रतिवेदनअनुसार जलवायु परिर्तनका कारण समग्र बालीचक्रमा परिवर्तन आएको छ । रोग र किरा बढ्दो छ । विषादी प्रतिरोधी क्षमता र क्षति, नयाँ प्रजातिका रोग र किराको आक्रमणले बाली लगाउन कठिन परेको छ । सिँचाइका लागि पानीको अभाव, रैथाने बालीको हराउँदै गएको अवस्था, पशु उत्पादकत्वमा आएको हास, बालीको प्रजातिको अनुकूलनताको स्थानान्तरण र उत्पादकत्वको न्यून वृद्धिदरले कृषि पेसाबाट पलायन हुनेहरू बढेका हुन् ।

जलवायु परिवर्तनबाट खाद्य उत्पादन प्रणालीमा असर परिरहेको कुरामा सबैको मतैक्यता रहे पनि सो जोखिम सम्बोधन हुनेगरी ज्यादै न्यून मात्रामा अनुकूलन तथा नियन्त्रणका प्रयास भएका छन् । यसकारण पनि कृषिप्रति आकर्षण बढ्न सकेको छैन । केही नगन्य मात्रामा पशु बिमाको व्यवस्था, प्राविधिक सहयोग, गोठ तथा भकारो सुधार र कम्पोस्ट मलको व्यवस्था, मलखादको उपलब्धता, पानीको किफायती प्रयोग गरी सिँचाइको व्यवस्थापन भएका छन् । विषम वातावरण सहन गर्न सक्ने बालीका जातहरूको विकास, माटो परीक्षण, मौसमको पूर्वजानकारी, उन्नत बिउको वितरण आदि प्रयास स्थानीय स्तरमा भए तापनि अप्रयाप्त छन् । कतिपय स्थानीय तहले कम्पोस्ट मल उत्पादनमा सहयोग गरे तापनि कृषि पेसाप्रति उत्साह जगाउन सकिरहेका छैनन् । परिणाममा कृषि पेसाबाट पलायन हुनेहरू बढेका हुन् ।

कृषि गणना २०७८ अनुसार नेपालमा जम्मा घरपरिवारमध्ये ६२ प्रतिशत कृषक परिवार रहेका छन् । सो नतिजाअनुसार नेपालमा पछिल्लो १० वर्षमा ९ प्रतिशतले कृषक परिवार घटेको छ ।

अघिल्लोपटकको कृषि गणनामा कृषक परिवारको प्रतिशत ७१ प्रतिशत थियो । कृषि गणना २०७८ अनुसार पछिल्लो १० वर्षमा ३ लाख हेक्टर जमिन कृषि कार्यमा घटेको छ । कृषक परिवारमध्ये कृषि उत्पादन गरेर वर्षैभर खान पुग्ने कृषक परिवार जम्मा ४५ प्रतिशत रहेका छन् । कृषक भएर पनि जीवन धान्न अन्य पेसा अपनाउनुपर्ने भएपछि कतिपयले कृषि पेसा नै छाडेका हुन् । यसकारण कृषक परिवारको संख्या घटेको हो ।

कृषि गणना २०७८ अनुसार नेपालका १२ प्रतिशत किसानले कृषि ऋण लिएका छन् । जबकि कृषि ऋण लिनेहरू २०६८ मा २२ प्रतिशत थिए । अर्थात्, कृषि ऋण लिनेको संख्या पनि उल्लेख्य घटेको छ । यसले पनि कृषि पेसाप्रति कम आर्कषण रहेको देखाउँछ ।

अनुदान लिनकै लागि कृषि पेसा अँगाल्ने र रकम पाएपछि कृषि पेसा छाड्ने पनि भेटिन्छन् । यस्तो प्रवृति रोक्न धनकुटाको छथरजोरपाटी गाउँपालिकाले कृषि र पशुपालनका क्षेत्रमा दिँदै आएको अनुदान कटौती गरेर उद्यमी किसानका लागि सापटी दिने नयाँ नियम लागू गरेको छ ।

छथर जोरपाटी गाउँपालिका अध्यक्ष छत्रबहादुर सुब्बा भन्छन्, 'अनुदानको दुरुपयोग नहोस् र व्यवसायीहरू पनि सहभागी हुन सकून् भनेर सापटी दिने नयाँ नियम लागू गरिएको हो ।' अनुदानको सदुपयोग होस् र कृषि पेसामा आर्कषण बढोस् भन्ने नगरपालिकाको उद्देश्य छ ।

संसदीय अध्ययनले भने राज्यको नीति र क्षमता दुवै नहुँदा प्राकृतिक प्रकोपको बढोत्तरीले खाद्य उत्पादन कम हुँदा कृषकहरूको जीविकोपार्जनमा संकट पैदा भएको निष्कर्ष निकालेको छ । जलवायु परिवर्तनका कारण रोग र किरा ज्यादा लाग्ने उपचार गर्नसमेत औषधिको पहिचानमा समस्या हुने हुँदा कृषक मारमा परेका छन् । यसकारण पनि किसानहरू पेसाबाटै पलायन हुन थालेका हुन् ।

## शहीद...

वितरणको दाबी त छ तर हामीले पाएका छैनौं ।' शहीदका हजुरबुवा नुरुल हसन जनताको बलिदानले प्रदेश सरकार बने पनि मन्त्री र सांसद बन्नेबाहेक अरू कुनै काम नभएको बताउँछन् । 'हाम्रै छोरानातिको रगतले संघीयता आयो, मधेस प्रदेश बन्यो । तर शहीद परिवारलाई तिरस्कार गर्नु दुर्भाग्य हो,' उनले भने ।

### जागिरको आश्वासन अधुरो

२०७२ साउन २१ गते गौरको बराहवा तालनजिक प्रहरीको गोलीबाट विद्यानन्द यादवको ज्यान गयो । मुडेलवा गाउँका यी युवाले मधेशी अधिकारको लडाइँमा सहादत प्राप्त गरे । १० लाख क्षतिपूर्तिबाहेक उनको परिवारले राज्यबाट कुनै सद्भाव पाएको छैन । विद्यानन्दका दाइ उपेन्द्र भन्छन्, 'भाइको रगत र बलिदानको कदर भएन । नेताहरूले बोलेका कुरा पूरा भएनन् ।'

विद्यानन्दकी श्रीमती राजकली देवीलाई जागिर दिने आश्वासन दिइएको थियो । मुख्यमन्त्री कार्यालयले नियुक्ति पत्र पनि दियो । सामाजिक विकास मन्त्रालयमा दर्ता पनि गरियो । तर प्रक्रिया अघि बढेन ।

### जिउँदो शहीद लालबाबु पटेल

आन्दोलनमा गोलीबाट घाइते लालबाबु पटेल रौतहटमा 'जिउँदो शहीद'का रूपमा चिनिन्छन् । निषेधाज्ञा तोड्ने क्रममा मुडुवारमा गोली लागेपछि उनी ढले । परिवारले आशा मारिसकेका थिए तर उनी लामो उपचारपछि निको भएर घर फर्किए । तर उनी कुनै काम असमर्थ छन् । 'यस्तो स्थितिमा छु । हाम्रो योगदानको अवमूल्यन भयो,' उनी दुःख पोख्छन् ।

### के भन्छ प्रदेश सरकार ?

लोकतान्त्रिक समाजवादी पार्टीका नेता अनिलकुमार सिंह शहीदको योगदानले नै मधेस प्रदेश र सरकार बनेको उल्लेख गर्दै घोषणा भएका आश्वासन पूरा गर्नुपर्ने बताउँछन् । घोषणा गर्ने, आश्वासन दिने, निर्णय गर्ने तर कार्यान्वयन नगर्ने सरकारी रवैयाले आक्रोश बढाइरहेको उल्लेख गर्दै भन्छन्, 'सरकारले बोलेपछि त पूरा गर्नुपर्‍यो नि ।' प्रदेश सरकारले भने मुख्यमन्त्री कार्यालयबाट रोजगारीको सिफारिसपत्र दिएको दाबी गर्दछ । उसको दाबीअनुसार, शहीद परिवार कार्यालय नगएकाले निर्णय कार्यान्वयन नभएको हो । २०८१/८२ मा सशस्त्र द्वन्द्व र मधेश आन्दोलनका १ हजार ८१ शहीद परिवारलाई स्वास्थ्य बिमाका लागि ४० लाख विनियोजन भएको छ । साथै, मधेशी दलको नेतृत्वमा मधेश आन्दोलन र जनयुद्धका शहीद परिवारलाई मासिक २१ हजार भत्ता दिने निर्णय भएको छ । शहीद परिवार र प्रदेश सरकारको दाबी व्यवहारमा भने मिल्दैन ।

मधेश आन्दोलनको दशक पूरा हुँदा मुद्दाहरू साँघुरिएका छन् । तर शहीद परिवारहरूको पीडा भने जस्ताको त्यस्तै छन् । प्रदेश सरकारले तत्काल सहयोग सुनिश्चित गर्नुपर्ने माग उठ्दै छ । अन्यथा, शहीद परिवारहरूले मधेशकेन्द्रित दलविरुद्ध नै आन्दोलन गर्ने चेतावनी दिन थालेका छन् ।

## अवैधानिक...

मुलुकको अध्यागमनलगायत अन्य कानुनको पूर्ण पालना गर्नुपर्ने भन्दै सम्बन्धित मुलुकको कानुनको उल्लंघन, अवज्ञा वा बेवास्ता गर्दा पक्राउ परिने र लामो समय थुनामा बस्नुपर्ने अवस्था आउने एवं ज्यानसमेत जोखिममा पर्नसक्ने बताएको छ ।

अवैधानिक रूपमा गइ पक्राउ परेकाहरूको उद्धार प्रक्रिया पनि सहज नहुने भन्दै परराष्ट्र मन्त्रालयले विज्ञप्तिमा विभिन्न प्रकारका प्रलोभन र बहकाउका सम्बन्धमा सचेत हुन र यस प्रकारको कुनैपनि कार्यमा संलग्न नहुन सबैलाई अनुरोध गरेको छ । रुसी सेनामा भर्ती भएर युक्रेनसँग युद्ध मोर्चामा खटिएका ७३ नेपालीको मृत्यु भइसकेको छ ।

# संविधान खारेज गरिँदै थियो, मैले बचाउन सहजीकरण गरे : प्रचण्ड



**काठमाडौं/मस-** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधान बचाउन र आन्तरिक सरकार गठनका लागि आफूले सहजीकरण गरेको बताएका छन् ।

जेनजी आन्दोलनले केपी ओली नेतृत्वको सरकार ढलेपछि संविधान र राष्ट्रपति संस्था पनि खारेज गर्न लागिएको दाबी गर्दै 'प्रचण्ड'ले आफूले बचाउन सहजीकरण गरेको दाबी गरेका हुन् ।

संविधान दिवसको अवसरमा पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष 'प्रचण्ड'ले त्यसका लागि राष्ट्रपति र प्रधान सेनापतिसँग रातभर छलफल गरेको बताएका हुन् ।

'इतिहासले, घटनाक्रमले र संयोगले यो प्रक्रियामा कुनै न कुनै रूपले सहजीकरण गर्ने अवसर दियो मलाई । मैले संसद् विघटन मात्रै होइन । संविधान खारेज गर्ने र राष्ट्रपति हटाउन के कस्ता कसरत भए भन्ने कुरा नजिकबाट हेर्ने, बुझ्ने अवसर पाए', उनले भने, 'अन्तिममा हुन सक्ने जति सहजीकरण र रातभर बसेर सम्माननीय राष्ट्रपति, प्रधान सेनापति र अन्य दलका नेताहरूसँग संवाद गरेर अन्तरिम सरकारको यो रूपमा गएर पनि संविधान बचाउनुपर्छ भने ।'

वर्तमान संविधान सामान्य संविधान नभएको बताउँदै उनले राष्ट्रपति संस्थालाई हर हालतमा बचाउनुपर्छ भनेर आफू लागेको बताए । यो संविधान र राष्ट्रपति संस्थासँग माओवादीको योगदान रहेको बताउँदै उनले यो सहजीकरण गर्ने अधिकार पनि भएको बताए ।

उनले प्रधानसेनापतिलाई पनि धन्यवाद दिएका छन् । प्रधान सेनापतिले राजनीति रूपले निकास निस्केन भने मुलुक भयानक अप्ठेरोमा जान सक्ने भनेर कोसिस गरेको आफूले देखेको उनको दाबी छ ।

उनले जेन जेडले आगजनी र तोडफोड नगर्न अपिल गर्दा गर्दै पनि त्यस्तो घटना भएको भन्दै 'प्रचण्ड'ले घुसपैठ भएको बताए । हालको संविधानलाई संशोधन गरेर प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गर्नुपर्ने उनको भनाइ छ ।

# एमाले नेताहरूद्वारा कांग्रेस पार्टी कार्यालय अवलोकन



**ललितपुर/मस-** नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललगायत नेताहरूले कांग्रेस पार्टी कार्यालयको अवलोकन गरेका छन् ।

शुक्रबार बिहान 'जेनजी' प्रदर्शनका क्रममा जलाइएको कांग्रेस केन्द्रीय कार्यालय सानेपा पुगेर उनीहरूले आवश्यक जानकारी लिएका हुन् ।

उपाध्यक्षद्वय गुरु बराल, अष्टलक्ष्मी शाक्य, महासचिव शंकर पोखरेल, विदेश विभाग प्रमुख राजन भट्टराई, नेता अमृतकुमार बोहरालगायत नेताहरू अवलोकनमा गएका थिए ।

उनीहरूलाई कांग्रेस कोषाध्यक्ष उमेश श्रेष्ठ र केन्द्रीय कार्यालय सचिव प्रदीप पराजुलीले क्षतिको जानकारी गराएका थिए । 'एउटै समूहले योजनाबद्ध रूपमा क्षति पुर्‍याएको हो । पहिलो, दोस्रो र तेस्रो पटकसम्म उनीहरू आएर सामग्री लुटेर लगे, चौथो पटक आएर आगो लगाइदिए', श्रेष्ठले भने ।

# पूर्वराष्ट्रपति भण्डारीद्वारा घाइतेको स्वास्थ्य अवस्थाबारे जानकारी



**काठमाडौं/मस-** पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले भदौ २३ र २४ गते भएको जेनजीको प्रदर्शनमा भएका घाइतेको स्वास्थ्य अवस्थाबारे जानकारी लिएकी छन् ।

उनले शुक्रबार महाराजगञ्जस्थित नेपाल पुलिस अस्पतालमा पुगी घाइतेको स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिनुभएको स्वकीय सचिव राजकुमार राईले जानकारी दिए ।

उनले नेता र नागरिकले राष्ट्रको सर्वोपरि हितमा रहेर काम गर्नुपर्ने बताइन् ।

पूर्वराष्ट्रपति भण्डारीले आग्रह पूर्वाग्रहभन्दा राष्ट्रिय भावना र राष्ट्रिय सवोपरि हितका लागि काम गर्नुपने भन्दै बदला र प्रतिसोधको भावनामा कोही जान नहुने बताइन् । उनले नेपाल शान्तिको कामना गर्ने देश रहेको उल्लेख गर्दै मुलुकका सर्वोच्च अंगमा आगजनी र तोडफोड गर्न नहुने बताइन् ।

उनले भदौ २३ गतेको घटनाको प्रतिकारस्वरूप वा प्रयोजित रूपमा आगजनी र तोडफोड भएको थियो भन्ने कुरा हेर्नुपर्ने बताइन् ।

उक्त अस्पतालमा करिब दुई सय जना घाइतेको उपचार भएको थियो ।

# जेनजी आन्दोलन
# विभिन्न क्षेत्रका ६ सय २९ भवन पूर्ण क्षति



**काठमाडौं/मस-** जेनजी पुस्ताका नाममा यही भदौ २४ गते भएको तोडफोड र आगजनीबाट देशभरका विभिन्न क्षेत्रका ६२९ भवन पूर्णरूपमा क्षति भएको छ । उक्त आन्दोलनमा एक हजार पाँच सय ६० भन्दा बढी भवनमा आंशिक क्षति पुगेको छ ।

आन्दोलनका समयमा भएको तोडफोड र आगजनीका कारण ती भवनहरूमा क्षति भएको नेपाल प्रहरीले प्रारम्भिक विवरण संकलन गरेको प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिए ।

उनका अनुसार उक्त आन्दोलनमा नेपाल प्रहरीका मात्रै एक सय ७७ वटा भवन पूर्णरूपमा क्षति भएको छ । प्रहरीका दुई सय ५८ वटा भवनमा आंशिक क्षति भएको प्रवक्ता घिमिरेले बताए ।

उनका अनुसार तोडफोड र आगजनीबाट तीन सय १० वटा सरकारी कार्यालय पूर्णरूपमा ध्वस्त भएको छ । प्रारम्भिक विवरणमा कूल आठ सय ३६ वटा सरकारी भवनमा आंशिक क्षति पुगेको छ ।

यस्तै ९७ वटा व्यापारिक तथा नीजि भवन पूर्णरूपमा क्षति भएको र दुई सय ९२ वटा व्यापारिक तथा निजी भवनमा आंशिक रुपमा क्षति पुगेको छ । यस्तै विभिन्न राजनीतिक दलका ४५ वटा पार्टी कार्यालय पूर्ण क्षति भएको छ भने एक सय ७४ वटा कार्यालयमा आंशिक क्षति भएको प्रहरीले संकलन गरेको विवरणमा उल्लेख रहेको प्रवक्ता घिमिरेले बताए ।

मूल्यांकन भने अझै भइनसकेको र क्षतिको विवरण संकलनको क्रम भने जारी रहेको उनले बताए ।

# निर्धारित समयमै निर्वाचन गर्नेगरी भूमिका खेल्न राष्ट्रपतिको आह्वान



**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले निर्धारित समयमै निर्वाचन सम्पन्न गर्ने भूमिका खेल्न सम्बद्ध सबैलाई आह्वान गरेका छन् ।

संविधान दिवस (राष्ट्रिय दिवस), २०८२ का अवसरमा राष्ट्रपति कार्यालय शीतलनिवासमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उनले प्रतिनिधिसभाबाट मन्त्रिपरिषद् गठन गर्ने कुनै उपाय नभएपछि आम सहमतिले उत्पन्न संकटबाट मुलुकलाई निकास दिएको बताए ।

राष्ट्रपति पौडेलले देशमा उत्पन्न भएको विषम परिस्थितिलाई दृष्टिगत गरी ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गराउनेगरी अहिलेलाई राजनीतिक निकास दिएको प्रसंग उल्लेख गर्दै तोकिएको समयसीमाभित्रै प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी दिगो ढंगबाट राजनीतिक निकास दिने पक्षमा चालिएको कदमलाई सहयोग पुऱ्याउन सम्बद्ध सबै पक्षसँग अनुरोध गरे ।

उनले अहिलेको घडीमा सबै राजनीतिक दल, मुलुकको प्रशासन तथा व्यवस्थापनमा आबद्ध निकाय, बौद्धिक समुदाय र नागरिकहरूलाई असहमति र द्वन्द्व छोडेर पूर्वाग्रहरहित भई समन्वय र सहकार्यसाथ निर्वाचनको सफलताका लागि क्रियाशील हुन आह्वान गरे ।

राष्ट्रपति पौडेलले भने,'यो संविधानले नेपाली जनतालाई सर्वभौमसत्ता र स्वतन्त्रता दिएको छ । सबै जात, धर्म र सम्प्रदाय सम्बद्ध जनतालाई समान हक दिएको छ । र, समन्वय कायम गरी उन्नति गर्ने अवसर दिएको छ । हामी संवैधानिक विकासको इतिहासमै सबैभन्दा बलियो र सार्वभौम भएका छौँ । यो हामीले प्राप्त गरेको युगीन उपलब्धि हो । त्यसैले सबैले यसको रक्षा गरौँ ।'

राष्ट्रपति पौडेलले हरेक पुस्ताको सहभागिताले लोकतन्त्र बलियो हुँदै जान्छ भन्ने आफ्नो दृढ विश्वास रहेको उल्लेख गर्दै आफैँ पनि १७ वर्षको कलिलो उमेरमा २०१७ सालमा प्रजातन्त्रका लागि राजनीतिमा होमिएको स्मरण गरे । उनले भने, 'परिस्थितिले मलाई भदौ २४ गतेपछि उत्पन्न राजनीतिक अप्ठ्यारो र रिक्तता सम्हाल्ने ठाउँमा ल्याएर राखेको छ । सबैको सुझबुझ, समन्वय र सहयोगका कारण हामीले यो असहज परिस्थितिलाई सम्हालेका छौँ ।'

राष्ट्रपति पौडेलले हामी लोकतन्त्रप्रति प्रतिबद्ध रहनेछौँ, नागरिकलाई केन्द्रमा राखेर अगाडि बढ्नेछौँ, सुशासनप्रति प्रतिबद्ध रहनेछौँ र राजनीति, राज्य र राजकाजलाई नैतिकता, निष्ठा तथा मूल्यमान्यताको सीमाभित्र आबद्ध गर्नेछौँ भनी संविधान दिवसको दिनमा सबैलाई संकल्प गर्न आह्वान गरे ।

राष्ट्रपति पौडेलले लोकतन्त्र र संविधानको भावना, नवपुस्ताको परिवर्तनको सपना र जनचाहनाअनुसार तत्कालीन समयमा जेजति गर्न सकिन्थ्यो त्यो सबैले मिलेर गरेको उल्लेख गर्दै मुलुक फेरि एकपटक नयाँ सपनाका साथ परिवर्तनको नवमार्गमा प्रवेश गरेको बताए ।

उनले भने, 'नयाँ जनादेशले लोकतन्त्रलाई थप संस्थागत गर्दै मुलुकको आगामी बाटो तय गर्नेछ भन्ने मेरो दृढ विश्वास छ । अहिले बनेको अन्तरिम सरकारले राष्ट्रिय क्षतिको पुनःनिर्माण गर्दै छ महिनामा निर्वाचन सम्पन्न गरी जनप्रतिनिधिमूलक संस्थालाई सत्ता हस्तान्तरण गर्नेछ । यो नै सबै नेपालीको अहिलेको मुख्य कार्यभार हो ।'

राष्ट्रपति पौडेलले दुई दिनको विरोध प्रदर्शनमा मुलुकले अकल्पनीय मानवीय र भौतिक क्षति व्यहोरेको उल्लेख गर्दै भने, 'छोराछोरीको एउटा अभिभावकका रूपमा म जीवन गुमाउने ती युवाहरूका बुबाआमाको पीडा अनुभव गर्न सक्छु । त्यसक्रममा भएको राष्ट्रको अपूरणीय जनधनको क्षतिको पनि अनुमान गर्दछु । राष्ट्रको अभिभावकका रूपमा मुलुकले ती कर्णाधार युवाहरू गुमाउँदाको क्षति अनुभूत गर्न सक्छु । आज संविधान दिवसका दिन म ती सारा युवाहरूको जागरुकता र सदिच्छा स्मरण गर्न चाहन्छु, जो मुलुकमा थिति बसोस् र राष्ट्रको भविष्य उज्ज्वल होस् भनेर भदौ २३ गते सडकमा आएका थिए ।'

राष्ट्रपति पौडेलले हाम्रो संस्कृति, प्रकृति र भौगोलिक विविधताले आफैँमा असीमित सम्भावना बोकेको उल्लेख गर्दै यी सम्भावनालाई न्यायोचित ढङ्गले उपयोग गर्न सके आमनेपालीको जीवनस्तरमा रूपान्तरण ल्याउन सकिने स्पष्ट पारे ।

राष्ट्रपति पौडेलले आजको सुशासन, बेथितिको अन्त्य, रोजगारी सृजना, वातावरणीय दिगोपन र सामाजिक न्यायलाई प्राथमिकतामा राख्न सकेमात्र संविधानले परिकल्पना गरेको समतामूलक र समृद्ध नेपाल सम्भव भएको भन्दै जेनजी पुस्ताले अहिले मागेको भ्रष्टाचार र बेथितिको अन्त्य होस् भन्ने कुरालाई सबैले मनन गरी सुध्रिएर अघि बढ्न आग्रह गरे ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वराष्ट्रपतिद्वय डा.रामवरण यादव र विद्यादेवी भण्डारी, पूर्वप्रधानमन्त्रीहरू पुष्पकमल दाहाल 'प्रचण्ड', झलनाथ खनाल, माधवकुमार नेपाल र डा बाबुराम भट्टराई तथा जेनजी पुस्ताका प्रतिनिधि उपस्थित थिए ।

त्यसैगरी, संवैधानिक निकायका प्रमुख तथा प्रतिनिधि, उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख तथा नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि र समाजका विभिन्न क्षेत्रका महानुभावहरू सहभागी थिए ।

# मुख्यमन्त्री आचार्यको घरमा आगजनी : आफन्तको घरमा आश्रय

**शोभाखर पन्थी/मध्यान्ह**
अर्घाखाँची, ३ असोज



भदौ २४ गते जेनजी आन्दोलनको नाममा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यको घरमा आगजनी भयो । आगजनीबाट आचार्यको घरमा भएका सम्पूर्ण सामग्री जलेर नष्ट हुनुका साथै सिंगो घर समेत जलेर ध्वस्त भयो । यो घर आचार्य सांसद नहुँदै पैतृक सम्पत्ति र उनकी श्रीमती दीपा आचार्यको जागिरबाट आएको आम्दानीबाट बनेको घर हो । घर जलेपछि मुख्यमन्त्री आचार्यको परिवार आफन्तको घरमा आश्रय लिएर बस्न बाध्य भएको छ । २३ गते काठमाडौंमा भएको घटनाले निकै चिन्तित बनेको आचार्य परिवारले अर्को दिन हुल आएर आफ्नो घर जलाउँलान भन्ने कल्पना पनि गरेका थिएनन् ।

काठमाडौंमा भएका घाइतेलाई कसरी बचाउन सकिन्छ, उनीहरुलाई के सहयोग गर्नुपर्छ भनि उनि निरन्तर सम्पर्कमा थिए । तर कल्पना नगरेको उनको घरलाई नै निशाना बनाएर आगजनी गरियो ।

अर्घाखाँची जिल्लामा आन्दोलनकारीले अलि बढी राजनीतिक दलका पार्टी कार्यालयलाई निशाना बनाएका थिए । उनीहरुले अरु पार्टी कार्यालयका सामग्री बाहिर ल्याएर सामान मात्र आगजनी गरेपनि नेकपा एमालेको पार्टी कार्यालय भने पूर्णरुपमा ध्वस्त हुनेगरी आगजनी गरे । एमाले पार्टी कार्यालय आगजनी गरेको भिडले तत्कालै मुख्यमन्त्री आचार्यको घरमा आगजनी गऱ्यो । आगजनीको समयमा मुख्यमन्त्री आचार्य प्रदेश राजधानी दाङ थिए । आचार्यको घर आगजनी गर्न आउने समूहलाई स्थानीय बासिन्दाले आगजनी नगर्न धेरै अनुरोध गरेको थिए । रोए, कराए तर त्यहाँ सुन्नेवाला कोही थिएन ।

स्थानीयले गरेको आग्रह निरर्थक भयो । बरु उनीहरुले उल्टो धम्कि खेप्नु पऱ्यो । आफ्नो घर र घरमा भएका धन,सम्पत्ति, सर-सामान पुरै जलेर नष्ट भएपनि मुख्यमन्त्री आचार्य अझै घरमा आउन पाएका छैनन् ।

घर,परिवार र धनसम्पत्ति भन्दा जनता ठुलो भन्दै काममा खटिने उनले आफ्नोघर जलेकोप्रति सोच्नसम्म पाएका छैनन् । उनलाई मृतकको परिवार, घाइते र घरवारविहीन बनेकाहरुको चिन्ताले सताएको छ । क्यान्सर, मिर्गौला लगायतका जटिल रोगलाई जितेर यहाँसम्म आएका आचार्यको जीवन निकै संघर्षमय छ । उनको जीवन जति संघर्षमय छ, उनी जनताको बीचमा पनि त्यत्तिकै लोकप्रिय छन् ।

निस्वार्थ भावले राजनीतिमा लागेका उनी स्वच्छ छवि भएका सरल, इमान्दार र जुझारु नेता हुन् । सत्य र इमानको राजनीति गर्ने उनले सरकारमा रहँदा वा नरहँदा कहिल्यै इमान्दारीता र स्वाभिमान बेचेनन् । आचार्य जब मुख्यमन्त्री बने उनले कुनै नेताले गर्न नसक्ने थुप्रै काम गरेर एउटा इमान्दार र स्वाभिमानी नेताको रुपमा आफुलाई अब्बल साबित गरे । आफू मुख्यमन्त्री भएसँगै उनले पूर्वविशिष्ट पदाधिकारीलाई दिँदै आएको( सवारी साधन,इन्धन,मर्मत) फिर्ता गराए ।

सरकारी कार्यक्रम होटल रेष्टुरेन्टमा सञ्चालन नगरी सरकारी हलको प्रयोग गर्ने, सरकारी आवासको प्रयोग गर्ने, स्वागत, बिदाइ आतिथ्यता लगायतका कार्यक्रममा खादा,मालाको प्रयोग नगर्ने, ५ लाख भन्दा बढी रकम भएका आयोजना टेन्डर प्रकियाबाट सार्वजनिक प्रतिस्पर्धाका आधारमा गराउने, स्वकीय सचिवमा आफन्त र परिवारका सदस्यलाई नराख्ने, अतिजरुरी बाहेक जिल्ला भ्रमण नगर्ने, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता लागु गर्ने, कार्यालयमा गरिने दैनिक फजुल खर्च रोक्ने लगायतका खर्च कटौतीका निर्णय गरेर उनले प्रदेश सरकारको करोडौं रकम चुहावट हुनबाट जोगाए ।

आचार्य मुख्यमन्त्री भएपनि उनकी श्रीमती दीपा आचार्य धेरैजसो अर्घाखाँचीमै बस्थिन् । उनलाई मुख्यमन्त्रीकी श्रीमती भन्ने पटक्कै घमण्ड थिएन । बरु उनले जनतालाई कसरी सेवा पुऱ्याउन सकिन्छ भनेर दिनरात चिन्तित देखिन्थिन । सामान्य पोशाक र सहजताका कारण उनलाई धेरैले रुचाउँछन् र मनमा लागेको कुरा ढुक्कले भन्छन् । श्रीमती आचार्य करिब २८ वर्ष शिक्षण पेसा गरेर केहीवर्ष पहिले सेवा निवृत्त भएकी हुन् । पेशामा रहँदा उनी अब्बल शिक्षक थिइन् ।

दैनिक डेढ घण्टाको बाटो हिँडेर शिक्षण गर्ने उनले खाइनखाइ थोरैथोरै पैसा जम्मा गरेर सन्धिखर्क बजार भन्दा केही टाढा सन्धिखर्क-१ को हटारी नेटामा घर बनाइन् ।

२०६६ सालमा ऋणधन गरेर घर बनाउँदा उनले जीवनमा ठूलो खुसीको अनुभूति गरेकी थिइन्, तर विडम्बना उनको २८ वर्षको जागिरे जीवन र श्रमबाट बनेको घर ध्वस्त भएको छ ।

श्रीमती आचार्यको थातबास सबै सकिएको छ । थातबास नभए पनि जनताले देखाएको प्रेम र मायाले आफूलाई शान्त्वना मिलेको उनको भनाइ छ ।

# प्रदेश सरकारद्वारा संरचनाको पुनर्निर्माण र संरचनागत सुधारका लागि समिति गठन



**बागमती/मस–** बागमती प्रदेश सरकारले जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र संरचनागत सुधारका लागि छुट्टाछुटै उच्चस्तरीय समिति गठन गरेको छ ।

बागमती प्रदेश सरकार मन्त्रिपरिषद्को शुक्रबार बसेको बैठकले आन्दोलनका क्रममा आगजनीबाट क्षतिग्रस्त मन्त्रालय र प्रादेशिक कार्यालयहरूको व्यवस्थापन तथा संरचनागत सुधारका लागि मन्त्रिस्तरीय समिति गठन गर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद् बैठकले भौतिक पूर्वाधार विकासमन्त्री डा दिनेशचन्द्र देवकोटाको संयोजकत्वमा क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण तथा व्यवस्थापन समिति गठन गरिएको सरकार प्रवक्ता आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले जानकारी दिए । उक्त समितिको सदस्यहरूमा आर्थिक मामिला मन्त्री तामाङ, श्रम, रोजगार तथा यातायातमन्त्री जयराम थापा, खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री कृष्णकुमार तामाङलाई राखिएको छ । सो समितिलाई क्षतिग्रस्त मन्त्रालयहरूको व्यवस्थापन तथा तत्काल नियमित सेवा प्रवाहका लागि काम अघि बढाउने 'म्यान्डेड' दिएको मन्त्री तामाङले बताए ।

यस्तै कृषि तथा पशुपन्छी विकासमन्त्री मधुसुदन पौडेलको संयोजकत्वमा आर्थिक मामिला तथा योजनामन्त्री तामाङ, उद्योग वाणिज्य, भूमि तथा प्रशासनमन्त्री बिन्दु श्रेष्ठ, वन तथा वातावरणमन्त्री भरतबहादुर केसी र मन्त्रालयका सचिवहरू सदस्य रहनेगरी संरचनागत सुधार समिति गठन गर्ने निर्णय गरेको छ ।

# अझै ८ हजार ८ सय १६ कैदीबन्दी फरार



**काठमाडौं/मस–** गत भदौ २३ र २४ गते भएको जेनजीको प्रदर्शनका कारण नेपालका २७ कारागारबाट कैदीबन्दी भागेका छन् । यस्तै नौवटा बालसुधार गृहबाट पनि कैदीबन्दी भागेका पाइएको छ ।

कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार ती कारागारबाट कुल २९ हजार २ सय १२ मध्ये १३ हजार ५ सय ९१ कैदीबन्दी भागेका थिए । यस्तै एक हजार ४ सय २२ मध्ये ९ सय ६४ जना बालसुधारगृहबाट भागेका थिए । झुम्का, सोलुखुम्बु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, नक्खु, जगन्नाथदेवल, डिल्लीबजार, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, कपिलवस्तु, तुलसीपुर, नौबस्ता, रुकुमपूर्व, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतली, डडेलधुरा र कञ्चनपुरबाट कैदीबन्दी भागेका उनले बताए ।

यस्तै मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, जयन्डु, नौबस्ता र डोटी बालसुधारगृहबाट पनि कैदीबन्दी भागेका थिए ।

निर्देशक न्यौपानेका अनुसार अहिलेसम्म कारागारबाट भागेकामध्ये पाँच हजार ४ सय ९५ र बालसुधारगृहबाट भागेकामध्ये २ सय ४४ कैदीबन्दी फिर्ता आएका छन् । अझै आठ हजार ८ सय १६ कैदीबन्दी फरार रहेका र खोजी कार्य जारी रहेको विभागले जनाएको छ । नेपाल प्रहरीको हिरासतमा रहेका कैदीबन्दी फरार रहेका र उनीहरुको पनि खोजी जारी रहेको प्रहरीले जनाएको छ ।

# गृह मन्त्रालयद्वारा सहायता कक्ष स्थापना




**काठमाडौं/मस–** गृह मन्त्रालयले 'जेनजी' युवाहरूद्वारा भएको प्रदर्शनपश्चात विकसित भएको घटनाक्रम र परिवर्तनसँगै समाजमा घट्ने र घट्न सक्ने उच्छृंखल गतिविधिहरू सहजीकरण गर्नका लागि सहायता कक्षा स्थापना गरेको छ ।

मन्त्रालयका सहायक प्रवक्ता एवं सूचना अधिकारी रवीन्द्र आचार्यले 'जेनजी' युवाहरूको आन्दोलनपछिको अवस्थामा जनताको समस्या र सुझाव सुन्नका लागि मन्त्रालयले उक्त सहायता कक्षा स्थापना गरेको जानकारी दिए ।

'जेनजी युवा पुस्ताद्वारा भएको प्रदर्शनपश्चात विकसित भएको घटनाक्रम र परिवर्तनसँगै समाजमा घट्ने र घट्न सक्ने उच्छृंखल गतिविधिहरू भए गरेको देखिएमा अथवा केही समस्या परेमा सोको सहजीकरण गर्न मोबाइल नम्बर ९८५१३६०६०३ सहितको सहायता कक्ष गृह मन्त्रालयमा स्थापना गरिएको हुँदा आफ्ना सूचना, गुनासो, सल्लाह, सुझाव उक्त नम्बरमा फोन, एसएमएस, ह्वाट्सएप, भाइवरमार्फत जानकारी गराउनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ', मन्त्रालयद्वारा प्रकाशित सूचनामा उल्लेख छ ।

# मन्त्रिपरिषद्ले चाँडै पूर्णता पाउँछ : मन्त्री घिसिङ



काठमाडौं/मस-ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय एवं शहरी विकासमन्त्री कुलमान घिसिङले मन्त्रिपरिषद्ले चाँडै पूर्णता पाउने बताएका छन् ।

शुक्रबार काठमाडौंको नयाँ बानेश्वरस्थित यातायात व्यवस्था विभागको परिसरमा सरसफाइ तथा पुनर्निर्माण अभियानको शुभारम्भ गर्ने क्रममा उनले सञ्चारकर्मीमाझ सो कुरा बताएका हुन् । मन्त्री घिसिङले मन्त्रिपरिषद्लाई पूर्णता दिने काममा ढिलाइ नहुने कुरा प्रधानमन्त्री सुशीला कार्कीले आफूहरुसँग गरेको पनि बताए ।

सम्बन्धित पक्षसँग वार्ता छिटो टुंग्याएर मन्त्रिपरिषद्लाई प्रधानमन्त्री कार्कीले छिट्टै पूर्णता दिने उनको भनाइ थियो । मन्त्री घिसिङले सरकारले आफूले गर्नुपर्ने पुनर्निर्माण लगायतको काम सुरु गरिसकेको पनि बताए ।

सरकारले मन्त्रिपरिषद्लाई पूर्णता दिन ढिलाइ गरेको गुनासो आइरहेका बेला मन्त्री घिसिङले अब ढिलाइ नहुने बताए । त्यस अवसरमा उनले जेनजी आन्दोलनका क्रममा ध्वस्त भएका संरचना निर्माणमा जुटन पनि सबैलाई आह्वान गरे ।

# मधेश प्रदेश सरकारले शहीद परिवारलाई २ लाख ५० हजार प्रदान गर्ने




जनकपुर/मस- मधेश प्रदेश सरकारले जेनजी आन्दोलनमा सहादत प्राप्त गरेका प्रदेशमा स्थायी बसोबास रहेका शहीदका परिवारलाई राहतस्वरूप प्रतिपरिवार दुई लाख ५० हजार प्रदान गर्ने निर्णय गरेको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहका अनुसार मधेश प्रदेश सरकार मन्त्रिपरिषद्को शुक्रबार बसेको बैठकले सुशासन र भ्रष्टाचार नियन्त्रणको मागसहित भएको जेनजी आन्दोलनका क्रममा सहादत प्राप्त गरेका शहीदहरूप्रति मधेश सरकारद्वारा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने घोषणा गरिएको छ । बैठकले आन्दोलनका क्रममा घाइते भएकाहरूप्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उनीहरूको प्रभावकारी उपचार प्रबन्ध मिलाउनुपर्ने निर्णय गरेको छ ।

त्यसैगरी, मन्त्रिपरिषद् बैठकले जेनजीको शान्तिपूर्ण आन्दोलनमा घुसपैठ भइ सरकारी तथा निजी सम्पत्तिमा गरिएको आगजनी, तोडफोड र क्षतिको घटनामा संलग्न व्यक्तिको पहिचान गरी कानुनी कारबाही अघि बढाउनुपर्ने जेनजी पुस्ताले अघि सारेका मागको समाधान वर्तमान संविधानकै दायराभित्र रहेर खोजिनुपर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

**साइप्रसमा रोजगार**

कम्पनी: RED PANDA EMPLOYMENT PRIVATE EMPLOYMENT AGENCY
पूर्व स्वीकृत मितिः २०८२/०६/०३ चलानी नं.: ६०२४५०४४
शहर: LIMASSOL
LT. No.: 331314

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: EURO | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 400 | ६६,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ११ गते (27 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले | रोजगारदाताले | कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | कामदारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ३०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**D.I.Recruitment Agency Pvt.Ltd.**
Maharajgunj-3, Amrit Bhawan 3rd Floor, Kathmandu, Nepal. Tel No:01-5924237
Email:info@direc ruitmentagency.com, website: www.direcruitmentagency.com
Mobile No: 9802360209 / 9851400933 / 9849142191 / 9768412512 / 9861561442.
श्रम इजाजत नं १७५९/०८१/०८२

इतिहास पल्टाउँदा

# गणेशमानको नाम थाहा पाउन मंगलादेवीलाई चार वर्ष कुर्नुपर्‍यो



■ चिनु पोखरेल





*मंगलादेवीले विवाह भएको चार वर्षपछि मात्र आफ्नो बुढाको नाम 'गणेशमान' भएको थाहा पाउनुभएको रहेछ । त्यो पनि गंगालालले 'गणेशमान' भनेर बोलाउँदा उहाँले झ्यालबाट सुन्नुभएको रहेछ । 'उहाँ घर हुनुहुन्न' भनेपछि गंगालाल फर्कनुभएको रहेछ । अनि पछि गणेशमानलाई 'के तिम्रो नाम गणेशमान हो ?' भनेर सोध्नुभएछ । तर विडम्बना, त्यतिबेला नै आठपहरियाहरू आएर गणेशमानलाई आएर पक्रेर लगेछन् ।*

नेपालमा महिलाको हक, हित र अधिकारबारे आवाज उठाउने र महिलाहरूलाई संगठित रूपमा अघि बढ्न प्रेरित गर्ने कामको थालनी गर्ने पहिलो महिला मंगलादेवी सिंह हुनुहुन्थ्यो । उहाँकै त्याग र संघर्षका कारण समाजमा नेपाली महिलाहरूको स्थान आजको अवस्थासम्म आइपुगेको हो । प्रस्तुत लेख मंगलादेवीको जीवन वृत्तसँग जोडिएको छ ।

स्वर्गीय मंगलादेवी सिंहको जन्म १९८२ साल मंसिर २५ गते बिहान १० बजे पिता बद्रीलाल श्रेष्ठ र माता पूर्णदेवी श्रेष्ठको कोखबाट भएको थियो । उहाँ परिवारको सबैभन्दा जेठो सन्तान हुनुहुन्थ्यो । मंगलादेवीको हजुरबुबा एक शिक्षित अभिभावक हुनुहुन्थ्यो । त्यसबेला पनि उहाँले कलकत्ताको क्विन्स कलेजमा आइएस्सी पढ्नुभएको थियो । आफू शिक्षित भएको कारण उहाँले मंगलादेवीको पिताजीलाई धनवादमा मेकानिकल कोर्स पढाउनुभएको थियो । त्यतिबेला कलकत्ता जानु र पढ्नु भनेको देशका लागि ठुलो सान र मान प्रतिष्ठाको विषय हुने गर्दथ्यो ।

हजुरबुबाको इलम त्यतिबेला बग्गी बनाउने थियो । उहाँको प्युखामा बग्गीखाना थियो । राणाहरू हजुरबुबाले बनाएको बग्गी चढेर ओहोरदोहोर गर्दथे । पछि मोटर चल्ने भएपछि बग्गीखाना मोटर मेकानिकल वर्कसपमा परिणत भयो । मोटरहरू धेरै भएकाले वर्कसपलाई फराकिलो स्थानको आवश्यकता परेकोले त्रिपुरेश्वरमा कारखाना सार्नुभएको थियो । त्यतिबेला नै थुप्रै कामदारले उहाँको कारखानामा रोजगारी पाएका थिए ।

समयसमयमा सबै सन्तानको हेरचाह गर्ने हजुरबुबा कुलबहादुर श्रेष्ठले मंगलादेवी श्रेष्ठलाई कलकत्ता घुमाउन लगिरहनुहुन्थ्यो । मंगलादेवी धेरैजसो मामाघरमा नै हुर्कनुभएको हो । मामाघर बस्दाखेरी त्यहाँका साथीहरूसँग साक्सला भाँच्ने खेल, लपेटो चक्का फाल्ने खेल खेल्नुहुन्थ्यो । जुन खेलमा नित्यनाथको गजुर कटाउनुपर्ने हुन्थ्यो र कटाउन सक्यो भने २५ रुपैयाँ पाउने भनेर बाजी राखिएको हुन्थ्यो । मंगलादवी पनि सो खेलमा सहभागी हुने गर्नुहुन्थ्यो । तर केटीमान्छे भएकाले धेरैले खेलाउन खोज्दैनथे । तर उहाँ केटा साथीहरूभन्दा कम हुनुहुँदैनथ्यो । उहाँले प्रायः खेल जित्नुहुन्थ्यो र जितेको पैसाले तिनै साथीहरूलाई खाजा खुवाउनुहुन्थ्यो । साथीभाइलाई खेलाउने खुवाउने उहाँको शोखले उहाँमा आत्मबल र महत्वकांक्षा बढाएको थियो । सानैदेखि उहाँमा नेतृत्व लिने क्षमता विकसित भएको थियो ।

मंगलादेवीलाई पहिलापहिला नेपाली भाषा बोल्नसमेत आउँदैनथ्यो । तर पछि बिस्तारै नेपाली भाषा बोल्न थाल्नुभयो । साथीहरूले नेवारकी छोरी भएर पनि कसरी नेपाली जानेको भनेर सोध्दा ठुलीआमाबाट सिकेको भन्नुहुन्थ्यो । उहाँ आफ्नो ठुली आमाको घर प्रायः गइरहनुहुन्थ्यो । त्यतिबेलाको समयमा पनि ठुलीआमाले ब्राह्मणसँग बिहे गर्नुभएको थियो । जाति प्रथाको कट्टरता भएको बेलामा पनि ब्राह्मणसँग बिहे गरेर क्रान्तिको बिगुल फुक्ने काम उहाँकै परिवारबाट सुरु भएको देखिन्छ । काठमाडौंको जाडो छल्न ठुलीआमाकोमा जाँदा उहाँले नेपाली भाषा राम्रोसँग सिक्नुभएको थियो । उहाँले नेपाली भाषा जानेपछि ठहिटीका साथीहरूलाई पढाउने लेखाउने काम पनि गराउनुभयो । घरमा छोराहरूलाई स्कुल पठाउने तर छोरीलाई नपठाउने, आमाले पनि भाइहरूलाई पहिला खाना खुवाउने र आफूलाई पछि खाना दिने क्रम चलाउनुभएकोमा उहाँले विद्रोह गर्नुभयो । उहाँले बारम्बार म पनि स्कुल जान्छु, म पनि पहिला खाना खान्छु भनेर विद्रोह गरेपछि आमाले अनेक तरिकाले सम्झाउनुभयो तर आफ्नो अडान नछाडी आमासँग विद्रोह नै गरिरहनुभयो ।

मंगलादेवी जन्मेको समयमा राणाहरूको जहानियाँ शासन चलेको थियो । राणाहरूको चकचकी र पढेलेखेका मान्छेहरूको धाक देखेर सबै छक्क पर्दथे । ती पढेलेखेका र जागिर खाएका मान्छेहरूलाई देखेर उहाँले पनि आफ्नै घरबाट विद्रोह सुरु गरेर आफूले पनि भाइसरह पढ्न र सँगै बसेर खाना खान पाउनुपर्छ भनेर जिद्दी गर्नुहुन्थ्यो । फलस्वरूप उहाँले आफूलाई अब्बल बनाउँदै अगाडि बढ्नुभयो ।

बुबा बद्रीलाल श्रेष्ठ कलकत्ताबाट बिदामा घर आउँदा भाइ र काकाहरूलाई पढाउने कुरा हुँदा आफूलाई पनि पढाउनुपर्छ भन्दै विद्रोह सुरु गरेपछि आमाले 'म तिमीलाई किताब किनिदिन्छु र घरैमा पढाउँछु' भनेर भन्नुभएको थियो । तर उहाँले त्यो कुरा अस्वीकार गरी स्कुलमा नै गएर पढ्ने अडान लिएपछि उहाँको पढाइ सुरु भएको थियो । त्यसपछि बुबा धनवादबाट फर्कंदा घरमा उहाँलाई खेलौनाहरू ल्याइदिने, पढ्न सिकाउने सबै कार्यको सुरुवात भयो । उहाँ पढ्नमै व्यस्त हुनुभयो । उहाँलाई पहिलेपहिले पढेर के हुन्छ भनेर साथीहरूले जिस्क्याउँथे । तैपनि उहाँ आफ्नो लक्ष्य सम्हालेर अगाडि बढ्नुभयो । नेवारी संस्कार र परम्पराअनुसार छोरीलाई पाँच वर्ष पूरा भएपछि बिहे गर्ने वा गुफा राख्ने चलन थियो । सोही समयमा उहाँको बुबा पढ्न जानुभएकाले अलि ढिलो इही अर्थात् बेल विवाह भएको थियो । इही भनेको नेवार सम्प्रदायमा एक कर्म गर्ने प्रचलन हो, जुन सबैको गर्नुपर्छ । त्यसपछि हरेक कर्मकाण्डका बाटा फुक्ने चलन भएकाले उहाँको १० वर्षपछि मात्र इही गरिएको थियो भन्ने सुन्न पाइन्छ । उहाँले आफ्नो चार कक्षासम्मको पढाइ घरमा नै पूरा गर्नुभएको थियो ।

त्यति पढाइ पूरा गरेको समयमा उहाँको विवाहको कुराकानी चल्न सुरु भएको थियो । विवाहको कुरा चल्दा उहाँ १२-१३ वर्षकी हुनुहुन्थ्यो । गाउँघरतिर छोरी बुढी बनायो तर विवाह गर्नेबेला पनि हतार गर्दैन भन्नेजस्ता कुरा उहाँका बुबालाई आइरहन्थ्यो । उहाँलाई विवाहको प्रस्ताव राखी जन्म कुण्डली र खुट्टाको नाप गणेशमान सिंहसँग मिलाउनका लागि लगिएको थियो । तर गणेशमान सिंहको घरबाट लामो समयसम्म जन्म कुण्डली र खुट्टाको नाप फिर्ता नआएपछि अन्य माग्न आउने मान्छेहरू त्यत्तिकै निराश भएर फर्कने गरेका थिए ।

उता उहाँको आमाले भने गणेशमानलाई छोरी दिन इच्छा नै राख्नुभएको थिएन । देश द्रोहको मुद्दा लागेको छ, जेल परेको छ, सजिलोसँग भेटघाट गर्न पाइँदैन । त्यस्तो केटालाई म छोरी दिन्न भन्नुहुन्थ्यो । तर बुबा र घरपरिवारले सबैको सरसल्लाहबाट राम्रै हुन्, सबै कुरो भएको, पढेलेखेको, धनीमानी, व्यापारी भनेर भनेपछि बुबाहरूको निर्णय नै मान्नुपर्‍यो । त्यसपछि साथीहरूले सोध्थे- तिम्रो विवाह हिराकाजी (गणेशमान सिंह)सित गर्ने रे भनेर । उहाँलाई धेरै कुरा थाहा थिएन । सबैले ठुलो घरानामा जाँदै छ भनेर अब हामीलाई बिर्सन्छे भन्ने कुरा पनि उहाँका साथीहरूले गर्ने गर्दथे ।

त्यतिबेला गणेशमान सिंह कलकत्तामा पढ्न जानुभएको थियो । हजुरबुबा र उहाँको बुबाले कुरो चलाउनु भएकाले स्वयं उहाँलाई विवाह हुँदै छ भन्ने कुरा पनि थाहा थिएन । उहाँको पढाइले गर्दा जन्म कुण्डली फर्काउन पनि ढिला नै भएको थियो भन्ने सुनिन्छ ।

१९९७ साल वैशाख महिनामा मंगलादेवीको स्वयंवर गणेशमान सिंहसँग भएको थियो । बुबाका अगाडि बोल्न नसके पनि आमाको अगाडि विवाह गर्दिन भनेर विद्रोह गर्दा आमाले ध्यान नै नदिएर छोरीको विवाह बुबाले कलकत्तामा नै भेटेको केटा भएर सजिलैसँग मान्नुभयो । र, उति बेला पनि उहाँको विवाह धुमधामसँग भएको थियो । विवाहले हर्षोल्लास छायो । अल्लारे उमेरका बेहुला बेहुली भने न खुसी, न दुःखी । दुवै चुपचाप बसिरहनुभएको थियो ।

विवाह गरेको चार महिनापछि उहाँको घरमा ठुलो बज्रपात भयो । कारण थियो- गणेशमानलाई राजद्रोह र गद्दी ताकेको अपराधमा पक्राउ गरी नेल र हतकडी लगाएर सिंहदरबार खोरमा यातनापूर्वक राखिएको थियो ।

मंगलादेवीले विवाह भएको चार वर्षपछि मात्र आफ्नो बुढाको नाम 'गणेशमान' भएको थाहा पाउनु भएको रहेछ । त्यो पनि गंगालालले 'गणेशमान' भनेर बोलाउँदा उहाँले झ्यालबाट सुन्नुभएको रहेछ । 'उहाँ घर हुनुहुन्न' भनेपछि गंगालाल फर्कनुभएको रहेछ । अनि पछि गणेशमानलाई 'के तिम्रो नाम गणेशमान हो ?' भनेर सोध्नुभएछ । तर विडम्बना त्यतिबेला नै आठपहरिया आएर गणेशमानलाई आएर पक्रेर लगेछन् ।

त्यतिबेला मंगलादेवीलाई यी तीन कुराले त्रसित तुल्याएको थियो - पहिलो, देश द्रोहको रिस आफूमाथि आउला भन्ने आशंका, दोस्रो, घरमा श्रीमान् नभएपछि हेलामा परिएका भन्ने पिर अनि तेस्रो, श्रीमान् घरमा फर्केर सकुशल जीवन निर्वाह गर्न पाइन्छ पाइन्न भन्ने कुरा । यी तीन कुराले उहाँलाई दुःखी तुल्याएको थियो । उहाँलाई आफ्नो श्रीमानले यसरी राजनीति गर्नुभएको छ भन्ने कुनै कुराको पनि जानकारी थिएन । तैपनि विवाह गरेको केही महिनामै समातिँदाको पीडा भने जो कोहीले कल्पना गर्न नसक्ने कुरा रह्यो ।

राणाहरूको दरबारमा वडाकाजीको नातिले यति कठोर यातना भोग्नुपर्छ भन्ने कुराको कल्पनासमेत नगरेका अवस्थामा आमा चकारेर गाली गर्दै कोर्रा हान्दाको पीडा कस्तो भएको थियो । उहाँलाई प्रत्येक दिन खाना लगिदिने र धुनुपर्ने लुगा ल्याउनुपर्ने काममा दुई जना खटिएका थिए । वडाकाजीले 'गणेशमान प्रजापरिषदको सदस्य हो वा होइन ?' भनेर निर्क्योल गर्न लगाएका थिए । गणेशमानजीले 'हो' भनेपछि वडाकाजी एक शब्द पनि नबोली बस्नुभएको अवस्था 'म सम्झिरहन्छु' भनेर मंगलादेवी भन्नुहुन्थ्यो ।

# आशंका र माया

कथा



■ रञ्जना बास्कोटा

*समयसँगै हामी धेरै नजिक हुन थाल्यौं । हामी एकअर्काको मनको गहिराइमा पसेका थियौं । प्रत्येक म्यासेज र प्रत्येक शब्दले हाम्रो सम्बन्धको एक नयाँ अध्याय खोल्दै थियो । ती क्षणहरू, जसमा हामी आफ्ना डर र आशा साझा गर्दै थियौं, अब त सम्झना बन्न थालेका थिए । हामी एकअर्कालाई 'अनकन्ट्रोल' भावना र विचारहरूको साथ समेट्ने प्रयास गरिरहेका थियौं ।*

एक दिन साँझपख, जब शान्त वातावरणलाई चियाको गन्धले घेरिरहेको थियो, मेरो मोबाइलको स्क्रिनमा एक नयाँ म्यासेज देखापर्‍यो । म्यासेज थियो, 'गुड नाइट सानु ।' यो म्यासेज पठाउने केटी मेरो जीवनको एउटा गहिरो हिस्सा बनेकी थिई तर हामी एकअर्कामा केवल मोबाइलबाट मात्रै परिचित थियौं ।

मेरो मन त उसैको भनाइमा हराएको थियो । त्यही गहिरो चञ्चलता, जस्तो कुनै पानीको लहर बिचमा अड्केको अचम्मको एक आगो । उसको आवाज ममा यात्रा गर्दै थियो । हामी एकअर्कामा अरू कुनै सम्बन्ध पनि भनेका थिएनौं तर दिनचर्या र म्यासेजमार्फत चलिरहेका थिए ।

तर, सँगै हामी वास्तविक जीवनमा पनि भेट्न चाहन्थ्यौं यद्यपि हामी अनेकन कारणले डराउँथ्यौं । हामी एउटै सहरमा बस्ने भए पनि हाम्रो भेट कहिल्यै भएको थिएन ।

एक दिन मैले उनको नामको पहिलो अक्षर 'स' हातमै लेखें । मलाई त्यो लेख्नु निकै प्रिय थियो । उनले मसँग यात्रा गर्नका लागि भनेकी थिइन्, 'हामी कतै घुम्न जाम न । हामीबीच वास्तविक भेटघाट पनि हुनुपर्‍यो ।' यद्यपि हामीले दुवै मिति भने तय गर्न सकेनौं । प्रायः फोनमा घुम्न जाने ठाउँबारे कुरा हुन्थ्यो ।

यसैगरी बितेछ पाँच महिना । न मैंले समय बितेको थाहा पाएँ, न उनले । यद्यपि, मिठा संवादहरूकै बिचमा एक प्रश्न, एउटा नयाँ खालको द्वन्द्वमा बदलिन थाले । उनले मलाई भनिन्, 'हाम्रो सम्बन्ध के यसैगरी जाने हो ? समयमा साथ देला त ?'

यो त्यस्तो कुरा थियो जसले मेरो मनलाई गहिरो चिन्तामा डुबायो । मैले उसलाई विश्वास गर्न चाहन्थें तर मेरो आत्मा फेरि एकपटक शंका र डरले जकडिएको थियो । म जान्नँ चाहन्थें सम्बन्ध वास्तविकता हो वा केवल कागजमा लेखिएको कुनै कल्पना ?

यद्यपि, उनले सबै प्रश्नहरूको जवाफ दिएर मेरो मनलाई अलिअलि सुरक्षित बनाइरहेकी थिइन् । मैले उनलाई भन्न थालें, 'तिमी साँच्चिकै मेरो जीवनमा आइनौ भने मेरो संसार अधुरो हुनेछ ।'

आफ्नो असमर्थता र भय रूपको प्रत्येक शब्दका बिचमा हामी अलमल थियौं । हरेक म्यासेज, हरेक शब्द मेरा लागि एक शान्ति थियो । यात्रा गर्नु भनेको जीवनलाई कुनै साँचो सम्झाउने अभिप्राय नहुन सक्छ ।

तर क्रमशः समयसँगै म केही व्यस्त हुन थालें । कुनै कारणले हामी दुईको कुरा रोकिन थाले । म असुरक्षित महसुस गर्न थालें । उसले मसँग कुरा गर्न थालेको भए पनि मैले भनेको जस्तो सम्पर्क भएन । मेरो मन व्यस्त र थकित थियो । यस क्रममा म अचानक उसलाई पत्र लेखें, 'प्रिय, हामी छिट्टै एक हुनुपर्छ । समयले पनि त्यही भनेको छ । नत्र हामीबीच उम्रिएको विश्वास पनि आफैं गलेर जानेछ ।'

मैले उनलाई यसरी पठाएपछि, मेरो मन अचम्मको अवस्थामा थियो । उत्तर प्राप्त गर्दा थाहा पाएँ कि हामी एक अर्कामा जस्तो पूर्ण रहेछौं । अन्ततः त्यो एक हाम्रा शब्दहरूले साकार गरे ।

हामी प्रत्यक्ष भेट्यौं । निकै लामो आलिंगनमा रह्यौं । त्यसबेला हामीलाई दुनियाँप्रति खास वास्ता थिएन । न त वरिपरि के भइरहेको छ भन्ने वास्ता नै । हामीले महसुस गर्‍यौं, हाम्रो आत्मा जोडिएको छ ।

समयसँगै हामी धेरै नजिक हुन थाल्यौं । हामी एकअर्काको मनको गहिराइमा पसेका थियौं । प्रत्येक म्यासेज र प्रत्येक शब्दले हाम्रो सम्बन्धको एक नयाँ अध्याय खोल्दै थियो । ती क्षणहरू, जसमा हामी आफ्ना डर र आशा साझा गर्दै थियौं अब त सम्झना बन्न थालेका थिए । हामी एकअर्कालाई 'अनकन्ट्रोल' भावना र विचारहरूको साथ समेट्ने प्रयास गरिरहेका थियौं ।

तर, एक दिन मैले उसलाई भने, 'हामी दुई बिचमा के हो ? के हामी साँच्चिकै यात्रा गर्न खोजिरहेका छौं, या यो केवल एक समयको माग हो ?' ती शब्दहरू त्यस क्षणमा मसँग गहिरो अनिश्चितता ल्याए । मेरो मनले शंका गर्न थालेको थियो– के हामी दुईबीचको केमेस्ट्री सत्य हो, या यो केवल काल्पनिक सपना हो ?

उसको उत्तर नआउँदा मेरो असुरक्षा बढ्न थाल्यो । मेरो मनमा अन्धकार सर्न थालेको थियो र म सोच्न थालेको थिएँ– हामी जो प्रेमको कुरा गर्दै थियौं, त्यो कहीँ भत्किने त होइन ? के हामी साँच्चिकै एउटै पृष्ठमा छौं ? के हाम्रो आत्मा, जसले एक अर्कालाई खोजेको छ, साँच्चिकै मेल खानेछ ?

तर अचानक, केही समय पछि उनले पनि यसैगरी कुरा गर्न थालिन् । उनले भनिन्, 'तिमीले के सोचेको छौं, म बुझ्न सक्छु । तर मेरो जीवनमा एउटा कुरा साँचो छ, तिमीबिना म पनि अधुरो हुँ । म यो यात्रा सधैं तिमी सँगै चाहन्छु ।'

उसका यी शब्दहरूले मेरो मनलाई स्थिर बनायो । त्यो अनिश्चितता र डर जो मेरो हृदयमा गहिरो थियो, एकचोटि हरायो । यो सचेतना मलाई थाहा दिलाउन थाल्यो कि म त असल प्रेमसँग जिउँदै छु । हामीले एकअर्कालाई भेट्न समय र परिस्थिति समायोजन गर्न सक्छौं र हामी दुवैका लागि यो समयको अवस्था के हो भनेर बुझ्नैपर्छ ।

तर, हामीलाई थाहा थियो कि हाम्रो मार्गका केही चुनौती रहनेछन् । यस प्रेमको यात्रामा हामीले कति उतारचढावको सामना गर्नेछौं । यसका लागि हामी तयार थियौं । हामीले चाहेका कुरा भनेका थिए- विश्वास र समर्पणका साथ एकअर्कामा हराउँदैनौं. ।

एक दिन हामी निर्णयमा पुग्यौं- सम्बन्धलाई औपचारिकता दिऔं । दुवै परिवारका सदस्य अनि उनी र मेरा साथीहरूलाई सँगै राखेर सम्बन्धलाई वैधानिकता बनायौं । जसमा उनी र म मात्रै हामी दुवैका परिवार र साथी पनि खुसी थिए । हामीले पहिलो र साँचो प्रेमलाई व्यवहारमा उतारेका थियौं ।

कविता

## आऊ बुद्ध तिमी



राधा कणेल

जोजो थे बहुतै धनी जगतमा, झन्झन्, धनी ती भए
जोजो थे बहुतै विपन्न जगमा, झन्झन् विपन्नै रहे
छर्दै ज्ञान र शान्ति, न्याय समता देऊ तिमीले अनि
आऊ बुद्ध तिमी यही जगतको आशा भरोसा बनी ।

मान्छेका मनभित्र लालच बढ्यो बढ्दै छ लोभीपन
अत्याचार बढ्यो झनै दिनदिनै बढ्दै छ पापी मन
के यो न्याय भयो र ? यो जगतमा अन्याय बढ्दै छ नि
आऊ बुद्ध तिमी यहाँ मनुजको आशा भरोसा बनी ।

साझा विश्व छ यो विशाल तर के जित्ने भनी होडमा
उस्तै मानव लड्छ आज किन हो भिन्नै बनी व्यर्थमा ?
रातो नै बहनेछ रक्त सबको काटेर हेर्‍यौं भने
आऊ बुद्ध तिमी दुखी सकलको आशा भरोसा बनी ।

कोही धर्म बचाउने विषयमा लड्दै गरेका यहाँ
यौटै ईश्वरका अनेक मुख छन्, बुझ्दैन मान्छे जहाँ
साँच्चै शान्ति कता गयो भन कता ? आशा गरौं तैपनि
आऊ बुद्ध तिमी चराचरभरी आशा भरोसा बनी ।

आऊ विश्व सखाप बन्न नदिने बाचा पुर्‍याऊ अब
फर्की शान्ति, दया र प्रेम, करुणाको गीत गाऊ अब
घन्काऊ मनमा बसेर सबको झंकार नौलो अनि
आऊ बुद्ध तिमी यही जगतको आशा भरोसा बनी ।

कविता

## सहिदहरूको सम्झनामा



हुमेन्द्र गौतम

नेपाल आमा सन्तति तिम्रा काखैमा रमाएर
देशको लागि सहिद बनें, ती गोली खाएर
देशको बुटी अकुत लुटी कुबेर बनेछन्
देशको लागि मर्‍यो यो छोरो सहिद भनेछन् ।

शिरमा गोली लागेर ढले पानी नि पाइन
गर्नु है माफ ए मेरी आमा फर्केर आइन
गिद्ध र कुकुर सिनु झैँ लुछी देशलाई खानेले
के नै पो दिन सक्थे म आमा छोडेर जानेले ।

अकुत कमाई घरमा राखी ओछ्यान पैसाको
हुँदैन रहिछ भर है आमा पैसा र वैंशको
बलिन्द्र धारा नझारे आँसु स्वर्गमा भेटौला
लागेको चोट ईश्वर भेटी काखैमा मेटौला

नजानु बाबु भनेर आमा रोकेकी थियौ नि
एउटै यो छोरा परलोक हुँदा कसरी सह्यौ नि
नुनिला आँसु पिएर आमा नगर बिदाइ
म मरे सारा नेपाली हुन्छन् जन्जिरको रिहाइ

देश र भेष नेपाली माटो छोएको कसम
कसरी बसुँ सहेर आमा रुने थ्यो यो मन
दुःख है गरी तिरेको कर वैरीको पासोमा
रगत र आँसु मिश्रण थियो वैरीको हाँसोमा

जाग्नेछन् प्यारा रगतको बदला रगत साटेर
कहाँ पो जाउँला ए बैरी तिमी ईश्वरलाई ढाँटेर
म जस्तै युवा देशले पाउला नेपाल बन्नेछ
सहिद भयो प्रिय थियो देशले भन्नेछ
आमा नेपाल बन्नेछ ...॥

# युवा पुस्ताको सोचअनुसार सबैले काम गर्नुपर्छ : मुख्यमन्त्री आचार्य

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
देउखुरी, ३ असोज



लुम्बिनी प्रदेश सरकारले प्रदेशका १२ वटै जिल्लामा संविधान दिवस भव्य रूपमा मनाएको छ ।

प्रदेशको प्रशासनिक केन्द्र राप्ती उपत्यका (देउखुरी) मा शुक्रबार मूल समारोह आयोजना गरी 'समृद्ध लुम्बिनी, खुसी नागरिक' को संकल्पसहित दिवस मनाइएको हो ।

कार्यक्रममा मुख्यमन्त्री चेतनारायण आचार्यले नयाँ पुस्ताको चाहनाअनुसार राजनीतिक दल र कर्मचारीहरूले कार्यशैली परिवर्तन गरी पारदर्शी र जवाफदेही बन्नुपर्ने बताए । उनले भने, 'लोकतान्त्रिक प्रक्रियामार्फत संविधानको कार्यान्वयन हाम्रो साझा लक्ष्य हो । यसले मुलुकलाई निकास दिनेछ ।' उनले सेवा प्रवाहमा ढिलासुस्ती र फाइल अड्काउने प्रवृत्तिको अन्त्य गर्न जोड दिए ।

मुख्यमन्त्री आचार्यले संविधानले सामाजिक न्याय, समानता र समावेशितालाई प्राथमिकता दिएको उल्लेख गर्दै प्रदेश सरकारले सुशासन, भ्रष्टाचार नियन्त्रण, मितव्ययिता र नागरिकका गुनासा सम्बोधनमा केन्द्रित रहेको बताए । 'हामी संविधान, दिगो विकास लक्ष्य र दोस्रो आवधिक योजनालाई आधार बनाएर नीतिगत र कानुनी सुधारमा अघि बढिरहेका छौं,' उनले भने । कार्यक्रममा सभामुख तुलाराम घर्तिमगरले संविधानभित्रैबाट समस्याको समाधान खोज्नुपर्नेमा जोड दिए । 'हाम्रो संविधान विश्वकै अब्बल छ । यसैभित्र बसेर युवा पुस्ताको सोच सम्बोधन गर्न सकिन्छ,' उनले भने । उनले कार्यशैलीमा परिवर्तन गरी जनअसन्तुष्टि हटाउनुपर्ने बताए ।

पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले संविधानलाई सबैको भावना समेट्ने गरी परिमार्जन गर्नुपर्ने बताए । 'सबै नेपालीलाई एकताबद्ध गरी सुशासन र विकासमा जोड दिनुपर्छ । अराजकता र भ्रष्टाचारको छानबिन जरुरी छ,' उनले भने ।

अर्का पूर्वमुख्यमन्त्री जोखबहादुर महराले संविधानले सामाजिक परिवर्तनको नेतृत्व गर्नुपर्ने बताए । 'विकासको चरणलाई संविधानले समेट्नुपर्छ । राजनीतिक स्थिरताका लागि शासकीय स्वरूप र निर्वाचन प्रणालीमा सुधार आवश्यक छ,' उनले भने ।

कार्यक्रममा आन्तरिक मामिला तथा कानूनमन्त्री आदेशकुमार अग्रवालको स्वागत मन्तव्य र प्रमुख सचिव बाबुराम अधिकारीको अध्यक्षता रहेको थियो । सहजीकरण मुख्यमन्त्री कार्यालयका कानून सचिव लिलाधर सुवेदीले गरेका थिए । कार्यक्रममा प्रदेश सभाका सभापति, प्रमुख सचेतक, सचिव, कर्मचारी, स्काउट विद्यार्थी र स्थानीय समुदायको सहभागिता थियो ।

## रौतहटमा संविधान दिवस
# उत्सव र कालो दिवसको मिश्रित दृश्य






**रौतहट/मस–** रौतहटमा संविधान दिवसको अवसरमा विभिन्न राजनीतिक दलहरूले छुट्टाछुट्टै कार्यक्रम आयोजना गरेका छन् । नेपाली कांग्रेस र नेकपा (एमाले) ले उत्सवको रूपमा दिवस मनाउँदा मधेशकेन्द्रित दलहरूले भने कालो दिवसको रूपमा विरोध प्रदर्शन गरे ।

**मधेशकेन्द्रित दलको कालो दिवस**

मधेशी र थारु समुदायका मागहरू संविधानमा सम्बोधन नभएको भन्दै संघीय मोर्चामा आबद्ध मधेशकेन्द्रित दलहरूले कालो दिवस मनाए । जनता समाजवादी पार्टी (जसपा) को गौरस्थित कार्यालयमा आयोजित अन्तरक्रिया कार्यक्रममा लोसपा नेता अनिल कुमार सिंहले संविधान पुनर्लेखन नभएसम्म असोज ३ लाई कालो दिनका रूपमा मनाइरहने बताए ।

उनले सत्तारूढ दलहरूका कारण देशमा नागरिक विद्रोह भएको र जेनजी पुस्ताको आन्दोलनले सबैको भावना समेट्ने संविधान आवश्यक रहेको जोड दिए । कार्यक्रममा जसपा नेताहरू योगेन्द्र राय यादव र विश्वनाथ पटेलले पनि सम्बोधन गरे ।

**एमालेको वृक्षरोपण र अन्तरक्रिया**

नेकपा (एमाले)ले गौरस्थित आफ्नो कार्यालयमा वृक्षारोपण र अन्तरक्रिया कार्यक्रम आयोजना गरी संविधान दिवस मनायो । केन्द्रीय सदस्य तथा रौतहट इन्चार्ज अजय गुप्ताले संविधानको रक्षा र उपलब्धिहरूलाई संस्थागत गर्नुपर्नेमा जोड दिए । उनले भदौ २४ को घटनापछि फेरिएको राजनीतिक माहोलमा कार्यकर्ताहरूलाई आचरण सुधार्न र आत्मविश्वासका साथ अघि बढ्न आग्रह गरे । केन्द्रीय सदस्य कुन्दन कुशवाहाले नागरिक असन्तुष्टिलाई सम्बोधन गर्दै अघि बढ्नुपर्ने बताए ।

**नेपाली कांग्रेसको उत्सव**

नेपाली कांग्रेसले पनि गौरस्थित पार्टी कार्यालयमा अन्तरक्रिया कार्यक्रम गरी संविधान दिवस मनायो । कार्यक्रममा जिल्ला तहका नेता-कार्यकर्ताहरू सहभागी थिए । वक्ताहरूले जेनजी पुस्ताको सुधारको मागलाई सम्बोधन गर्दै लोकतन्त्रको रक्षाका लागि तयार रहनुपर्नेमा जोड दिए । रौतहटमा संविधान दिवसले उत्सव र विरोधको मिश्रित रूप देखाएको छ, जसले देशको राजनीतिक र सामाजिक विविधतालाई झल्काउँछ ।

# सिंहदरबारमा आगजनीमा परेका सवारीसाधन हटाइँदै




**काठमाडौं/मस–**'जेनजी' प्रदर्शनका क्रममा सिंहदरबार परिसरमा जलाइएका सवारीसाधन हटाएर व्यवस्थापनको कार्य सुरु गरिएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जलेका सवारीसाधनलाई संसद् भवनको खाली ठाउँमा लगेर व्यवस्थापन गर्न थालेको छ ।

मन्त्रालयका प्रवक्ता भिमार्जुन अधिकारीले ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालयको समन्वयमा जेनजी प्रदर्शनका क्रममा सिंहदरबारभित्र आगजनीबाट क्षति पुगेका सवारीसाधन हटाउन थालेको जानकारी दिए ।

'जलेका सवारीसाधनलाई संसद् भवनमा लगेर व्यवस्थापन गर्ने र सिंहदरबारमा रङरोगन गर्न थालेका छौं', उनले भने, 'तोडफोड भएका सवारीसाधन मर्मत भइरहेका छन् ।'

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले जलेका सवारीसाधनका कारण कुरूप देखिएको भन्दै त्यसलाई हटाएर अन्यत्र व्यवस्थापन गर्न निर्देशन दिएका हुन् ।

जलाइएका सामग्रीको विवरण संकलन गर्न समिति गठन गत भदौ २३ र २४ गते जेनजीको प्रदर्शनका क्रममा सिंहदरबारस्थित कृषि तथा पशुपन्छी मन्त्रालयका जलाइएका सामग्रीको विवरण संकलन गर्न समिति गठन गरिएको छ ।

मन्त्रालयका प्रवक्ता एवं सहसचिव डा.जानुका पण्डितको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको हो । समितिमा प्रशासन, लेखालगायत शाखाका कर्मचारीलाई सदस्य राखिएको छ । गत आइतबारको सचिवस्तरीय निर्णयअनुसार समिति गठन गरिएको प्रवक्ता पण्डितले बताइन् ।

गत भदौ २३ गते र भदौ २४ गते कर्मचारीका सवारीसाधन मन्त्रालय परिसरमै थिए । त्यसदिन सिंहदरबारको मूलढोकाबाट सरकारी नम्बर प्लेटका गाडी निकाल्न दिइएको थिएन ।

मन्त्रालयअन्तर्गत रहेको बालाजुस्थित मत्स्य विकास केन्द्रमा रहेका सरकारी सवारीसाधन पनि जलाइएका र त्यसको विवरण तयार पारेर प्रतिवेदन बुझाइने प्रवक्ता पण्डितले बताइन् । मन्त्रालयको ४१ गाडीमा आगजनीबाट क्षति पुगेको प्रारम्भिक विवरण प्राप्त भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका २९ मोटरसाइकल जलाइएका छन् । मन्त्रालय परिसरमा पार्किङ गरिराखिएका नौ मोटरसाइकल हराए तथा १० स्कुटर जलाइएका सवारी हेर्ने शाखाका कर्मचारी लोमश आचार्यले जानकारी दिए ।

# माटोको ढिस्कोमा परी तीन महिला घाइते

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, ३ असोज



डोल्पामा माटोको ढिस्कोमा परी तीन महिला घाइते भएका छन् । शुक्रबार बिहान त्रिपुरासुन्दरी नगरपालिका-९ चुँ गाउँमा दसैंका लागि घर पोत्ने माटो खन्ने क्रममा माटोको ढिस्को खस्दा सोही गाउँका तीन महिला घाइते भएका हुन् ।

माटोको ढिस्कोमा परी त्रिपुरासुन्दरी-९ चुँ गाउँकी अन्दाजी ७० वर्षीया बिनरुपा बोहोरा, २९ वर्षीया मनपुरा बि.क र २९ वर्षीया अरुना थकाली घाइते भएको जिल्ला प्रहरी कार्यालय डोल्पाले जानकारी दिएको छ ।

घाइते तीनै जनालाई बिहान ११ बजे जिल्ला अस्पताल दुनैमा उपचारका लागि ल्याइएको थियो । घाइते तीन जनामध्ये बोहोराको मुखमा र बाँया आँखामा चोट लागेको छ भने वि.कको शरीरको तल्लो भागमा भित्री चोट लागेका कारण हिँडडुल गर्न नसक्ने अवस्थामा रहेको अस्पतालले बताएको छ । उनीहरू दुबै जनालाई कर्णाली प्रदेश अस्पताल रिफर गरिएको छ भने थकालीको अवस्था सामान्य रहेको अस्पतालले जानकारी दिएको छ ।

नेपालीहरूको महान चाड बडादसैं नजिकिएसँगै अहिले डोल्पाका स्थानीय सदाझैं घर लिपपोतमा व्यस्त देखिएका छन् । घर लिपपोतका लागि माटो खन्दा विशेष सावधानी अपनाएर खन्न जिल्ला प्रशासन कार्यालय डोल्पाले अनुरोधसमेत गरेको छ ।

# विद्यार्थीलाई मानसिक स्वास्थ्य तालिम

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ३ असोज



रौतहटका कटहरिया नगरपालिकामा १५० जना विद्यार्थीलाई मानसिक स्वास्थ्य सम्बन्धी विशेष तालिम प्रदान गरिएको छ ।

हालैको जेन जी आन्दोलनले युवायुवतीमा पारेको सामाजिक, राजनीतिक र मनोवैज्ञानिक प्रभावलाई मध्यनजर गर्दै यो तालिम आयोजना गरिएको हो ।

नेपाल युवा नेतृत्व विकास केन्द्रको आयोजना, लायन्स क्लब अफ जनकपुर मिथिला सिटीको सहकार्य र कटहरिया नगरपालिका वडा ४ का अध्यक्ष चन्दन कुशवाहाको पहलमा तालिम सम्पन्न भएको हो । तालिममा विद्यार्थीहरूलाई तनाव व्यवस्थापन, मानसिक सन्तुलन, सामाजिक जिम्मेवारी र सकारात्मक सोच विकास गर्ने विषयमा प्रशिक्षण दिइएको आयोजकले बताएको छ ।

जेनजी आन्दोलनका क्रममा हिंसा, तोडफोड र सरकारी सम्पत्तिमा भएको क्षतिले युवा समुदायमा असुरक्षा, निराशा र मानसिक दबाब बढाएको छ । यस्तो अवस्थामा स्थानीय तहबाट मानसिक स्वास्थ्यप्रति सचेतना फैलाउने यो प्रयासलाई सहभागी विद्यार्थीले सकारात्मक रूपमा लिएका छन् । विशेषज्ञहरूका अनुसार, युवावस्थामा मानसिक स्वास्थ्यको महत्व नबुझाए दीर्घकालीन नकारात्मक असर देखिन सक्छ । तालिमले विद्यार्थीहरूलाई आत्मविश्वास, सहकार्य र संकट व्यवस्थापनको सीप प्रदान गरेको आयोजकको दाबी छ । यो एकदिने तालिम केवल प्रशिक्षणमा सीमित नभई आन्दोलनपछिको सामाजिक उपचारको पहलका रूपमा समेत हेरिएको छ । यसले युवाहरूमा मानसिक स्वास्थ्यप्रति जागरूकता ल्याउनुका साथै भविष्यमा जिम्मेवार नेतृत्व विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# तटबन्ध नहुँदा कुतियाकवर बस्ती साँघुरिँदै



**कञ्चनपुर/मस–** बाढीका कारण दोधारा-चाँदनीको कुतियाकवरको डेढ बिघा खेतीयोग्य जग्गा कटान भएको छ । दोधारा-चाँदनी नगरपालिका-१० स्थित पूर्वमा महाकाली र उत्तरमा जोगबुढा नदीको दोसाँधमा रहेको कुतियाकवर जोगबुढा नदी र महाकाली नदीको चपेटामा पर्दै आएको छ ।

दक्षिणमा भारतसँग सीमाना जोडिएको यो बस्तीमा महाकाली नदीको लगातारको कटानले ठूलो क्षति गरेको दोधारा-चाँदनी-१० का वडाध्यक्ष चन्द्रबहादुर सिंहले जानकारी दिए ।

उनका अनुसार महाकाली नदीले अहिले पनि कुतियाकवरकोखेतीयोग्यजग्गामाकटान भइरहेको छ ।

'महाकाली नदी र जोगबुढा नदी दुवैले कुतियाकवरको डेढ बिघा जग्गा कटान गरिसकेको छ', वडाध्यक्ष सिंहले भने,'उक्त स्थानमा ७०० मिटर तटबन्ध बनाउन बहुवर्षीय ठेक्का लागे पनि नदीमा पानी बढेका कारण तटबन्ध निर्माण हुन सकेन ।' स्थानीयका अनुसार नदीको निरन्तरको कटानले कुतियाकवरमा आठ परिवारको जग्गा कटान भएको छ ।

उनका अनुसार महाकाली नदी घरसम्म पुग्न अब ५० मिटर मात्रै बाँकी छ । स्थानीय नैनसिंह सुनारको घर जोखिममा परेको छ । आठ परिवारको खेतीयोग्य जग्गासमेत बगरमा परिणत भएको उनले बताए । जोगबुढा र महाकाली नदी दुवैको कटानले बस्ती साँघुरिँदै गएको छ ।

स्थानीयले बस्ती जोगाउन सरकारसँग पटकपटक आग्रह गरे पनि कटान रोक्न तटबन्ध निर्माण हुन नसकेको स्थानीय टेकबहादुर सुनारले बताए ।

डुबान र कटानकै कारण यहाँबाट धेरै परिवार बसाइँ सरेर अन्यत्र गइसकेका छन् । २०२२ देखि बसोबास रहेको यो बस्तीमा १ सय ५० परिवारको बसोबास थियो । महाकाली र जोगबुढा नदीको बाढी बस्ती पस्न थालेपछि यहाँबाट १ सय घरपरिवार विस्थापित भएका छन् । बाढीबाट कुतियाकवर बस्ती जोगाउन सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालयले जोगबुढा नदीमा ८१६ मिटर लामो तटबन्ध निर्माणको काम सुरु गरेको थियो । तर ढिलोगरी ठेक्का सुरु भएको र नदीमा पानीको मात्रा बढेपछि निर्माण व्यवसायीले काम गर्न नसक्दा निर्माण कार्यले पूर्णता पाउन सकेन । तटबन्ध निर्माणका लागि कार्यालयले २०८१ चैत २५ गते रु पाँच करोड १६ लाखमा शंकर कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता गरेको थियो । सम्झौताअनुसार ८ सय १६ मिटर लामो तटबन्ध २०८२ चैत २५ भित्र सम्पन्न गरिसक्नुपर्नेछ ।

# जागरुक युवा अभियानद्वारा सप्तरीमा सरसफाइ

**घुरन यादव/मध्यान्ह**
सप्तरी, ३ असोज



जागरुक युवा अभियानले सप्तरीमा सरसफाइ कार्यक्रम सम्पन्न गरेको छ । वडा नम्बर १ देखि १० सम्मका युवाहरूको सक्रिय सहभागितामा आयोजित यस कार्यक्रममा स्थानीय जनप्रतिनिधि, समाजसेवी, र युवा नेता सुवास यादवको पहलमा धार्मिक स्थलहरू र सार्वजनिक स्थानहरूमा सरसफाई गरिएको हो ।

कार्यक्रमको मुख्य उद्देश्य सामुदायिक सरसफाईलाई प्रोत्साहन गर्नुका साथै भ्रष्टाचारविरुद्ध जनचेतना जगाउनु रहेको आयोजकले बताएको छ ।

जागरुक अभियान युवाले आगामी दिनमा पनि यस्ता सामाजिक कार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

# डायलासिस क्षमता विस्तार




**तनहुँ/मस–** तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा डायलासिस क्षमतामा विस्तार गरिएको छ ।

जिपी कोइराला लायन्स हेमोडायलासिस युनिटमा हाल साप्ताहिक १५ जनालाई सेवा दिइएकामा बुधबारदेखि ३० जनालाई डायलासिस दिन थालिएको छ । मिर्गौला पीडितको माग बमोजिम डायलासिस क्षमताको विस्तार गरिएको केन्द्रका बोर्ड सदस्य त्रिलोचन लम्सालले जानकारी दिए ।

उपचार केन्द्रमा सात वटा उपकरण जडान गरिएको छ । डायलासिस उपकरण लायन्स क्लब अफ नेपालले अनुदानमा उपलब्ध गराएको हो । शुक्लागण्डकीमा क्रियाशिल लायन्स क्लबहरुको प्रयासमा यहाँ डायलासिस केन्द्र सञ्चालनमा आएको हो ।

डायलासिस केन्द्रमार्फत शुक्लागण्डकी आसपासका मिर्गौलापीडित लाभान्वित भइरहेको केन्द्रका कार्यकारी निर्देशक डा.रामकुमार श्रेष्ठले जानकारी दिए ।

यसअघि यहाँ डायलासिस सेवा नहुँदा यहाँका बिरामीले दमौली अस्पताल वा अन्यत्रै गएर डायलासिस गराउनुपर्ने बाध्यता थियो । दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रको रुपमा स्थापना गर्न सरकारले पूर्वप्रधानमन्त्री स्व गिरिजाप्रसाद कोइरालाको नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो । सोहीअनुसार शुक्लागण्डकी नगरपालिकाको बेलचौतारामा ७ सय ४० रोपनी जग्गा उपचार केन्द्रको नाममा प्रदान भइसकेको छ ।

अस्पतालमा तनहुँको शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका, रिसिङ गाउँपालिकासहित स्याङ्जा, पाल्पा र नवलपरासी जिल्लाका केही गाउँपालिकाका जनता पनि सेवा लिन आउँछन् ।

# जेनजी आन्दोलनमा क्षति भोगेको भाटभटेनीले कर्मचारी नहटाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असोज






जेनजी आन्दोलनको क्रममा अर्बौंबराबरको क्षति बेहोरेको भाटभटेनी सुपरस्टोरले कर्मचारी कटौती नगर्ने भएको छ । जेनजी आन्दोलनका क्रममा तोडफोड र आगजनीमा परी बन्द रहेको स्टोरमा कार्यरत कर्मचारीलाई कामबाट नहटाउने भएको हो ।

उनीहरूको तलब र दसैंभत्ता पनि नरोकिने सञ्चालक मीनबहादुर गुरुङले बताएका छन् । आफूले भने यस वर्षको दसैं नमनाउने उल्लेख गर्दै गुरुङले भनेका छन्, 'मसँग आबद्ध भाइबहिनीहरूको भविष्यका लागि लड्नुपर्नेछ, काम गर्न नपाए पनि उहाँहरूको तलब मात्र होइन, दसैं बोनस पनि पठाउँछौं ।'

भाटभटेनीका सञ्चालक गुरुङले कर्मचारीहरूलाई आफ्नो परिवारको सदस्य भनेका छन् । 'मचाहिँ दसैं मनाउने पक्षमा छैन । तर मेरा बच्चाहरू जो मसँग आबद्ध छन् । उनीहरूले त दसैं मान्नुपर्छ । दसैंको बोनस पनि पाउँछन्,' उनले एक अन्तर्वार्तामा भनेका छन् ।

भाटभटेनीका उपत्यका र बाहिरका स्टोरहरूमा अराजक समूहले ठुलो क्षति पुर्‍याएको छ । सञ्चालक गुरुङले तीन महिनाभित्र काठमाडौंका केही स्टोर र १० महिनाभित्रमा सबै स्टोर सञ्चालनमा ल्याउने पनि प्रतिबद्धता पनि जनाएका छन् । लुटपाट र आगजनीबाट भएको क्षतिको यकिन मूल्यांकन नभए पनि १५ अर्बसम्मको क्षति भएको हुन सक्ने उनी बताउँछन् । 'सबै जलेर खरानी भएको छ, लुटेर सखाप भएको छ,' गुरुङले भने, 'अब फेरि उभिन राम्रै मिहिनेत गर्नुपर्नेछ ।'

# 'जीर्ण आयोजनाका ठेक्का तोडिने'



**काठमाडौं/मस–** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार र सहरी विकास मन्त्रालयअन्तर्गतका लामो समयदेखि काम नभई अलपत्र पारिएका जीर्ण विकास आयोजनाका ठेक्का तोडिने भएका छन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले तीनवटै मन्त्रालयका सचिव तथा विभागीय प्रमुखलाई जीर्ण आयोजनाको सूची तत्काल तयार गरी पेस गर्न निर्देशन दिएका छन् । तीनवटै मन्त्रालयको कामकारबाहीको जानकारी लिँदै मन्त्री घिसिङले काम नगर्ने निर्माण व्यवसायीको अनुहार हेरेर आयोजनालाई अलपत्र अवस्थामा राख्न नदिने बताए ।

'चालु रहेका ठुला पूर्वाधारका आयोजना तोकिएको समय र गुणस्तरमा निर्माण सम्पन्न हुन नसक्दा एकातर्फ मुलुकले ठुलो आर्थिक क्षति बेहोरिरहेको छ भने अर्कोतर्फ त्यस्ता आयोजनाबाट प्राप्त हुने लाभबाट नागरिक वञ्चित भइरहेको विडम्बनापूर्ण अवस्था छ,' मन्त्री घिसिङले भने, 'अब कसैको अनुहार हेरेर हुँदैन, त्यस्ता आयोजनाको पहिचान र मूल्यांकन गरी तत्काल सूची पेस गर्नुहोस् ।'

सिँचाइअन्तर्गत राष्ट्रिय गौरवको सुनकोसी मरिण बहुउद्देश्यीय, भौतिक पूर्वाधारअन्तर्गत ३ सयभन्दा बढी सडक र १ सयभन्दा पुल निर्माण आयोजना अलपत्र छन् । 'निर्णय नगरी काम हुँदैन, त्यसैले निर्णय गरी काम गर्छौं, जीर्ण बनेका आयोजनाको ठेक्का तोडी नयाँ ठेक्का प्रक्रियामा जानुपर्छ, आयोजनालाई अलपत्र पारेर राख्न पाइँदैन,' मन्त्री घिसिङले भने ।

# पर्यटक बसको अग्रिम टिकट बुकिङ खुला




**काठमाडौं/मस–** दसैं, तिहार र छठ पर्वलाई लक्षित गरी पर्यटक बसले पर्यटकीय गन्तव्यमा जाने यात्रुका लागि अग्रिम टिकट बुकिङ खुला गरेको छ । टुरिस्ट बस एसोसिएसन अफ नेपाल (टिवान)ले आन्तरिक तथा बाह्य पर्यटकका लागि चाडपर्वमा सुरक्षित र भरपर्दो यात्रा गराउने उद्देश्यले अग्रिम टिकट बुकिङ खुला गरेको हो ।

टिवानका अध्यक्ष भीष्म न्यौपानले काठमाडौं, पोखरा, सौराहालगायतका पर्यटकीय गन्तव्यमा चाडपर्वमा जाने यात्रुको सहजताका लागि अग्रिम टिकट बुकिङ खुला गरिएको जानकारी दिए । सो बस टिकट खल्ती र इसेवालगायतका अनलाइन माध्यमबाट काट्न सकिने उनले बताए ।

हाल काठमाडौंको सोह्रखुट्टे सडकबाट नेपालका विभिन्न पर्यटकीय गन्तव्यमा २ सयभन्दा बढी बसले आन्तरिक तथा बाह्य पर्यटकलाई सेवा प्रदान गर्दै आएका छन् ।

यस्तै, दसैंका लागि आन्तरिक उडानका अधिकांश हवाई टिकट बिक्री भइसकेका छन् । हवाई क्षेत्रको अग्रणी संस्था यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौला दसैंका लागि ७० प्रतिशतभन्दा बढी टिकट बिक्री भइसकेको बताउँछन् । 'अधिकांश यात्रुले हवाई टिकट होल्ड गरेर राखेको अवस्था छ,' उनले भने ।

यसैगरी, यातायात व्यवसायीले भने यस वर्ष दसैंका लागि बसको अग्रिम टिकट बुकिङ नखोल्ने भएका छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले जेनजीको प्रदर्शनका कारण क्याम्पसहरू बन्द हुँदा अधिकांश यात्रुहरू घर गइसकेकाले अग्रिम टिकट बुकिङ नखोलिएको बताए ।

अध्यक्ष स्वाँरले पाँच दिन पछि जाने यात्रुका लागि पाँच दिन अगाडि नै टिकट काट्ने व्यवस्था अहिले पनि कायमै रहेकाले अग्रिम टिकट लिनसमेत यात्रुलाई आग्रह गरे । दसैंका लागि भनेर अग्रिम टिकट बुकिङ खुला नगरेको उनको भनाइ थियो ।

सरकारले दसैं, तिहार र छठ पर्वलाई लक्षित गरी काठमाडौं, उपत्यकाको १५ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरेको छ । सो सहायता कक्षको बिहीबार काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्कीले शुभारम्भ गरेका थिए ।

# बजाजले ल्यायो ग्रान्ड एक्सचेन्ज अफर




**काठमाडौं/मस–** मोटरसाइकल ब्रान्ड बजाजले काठमाडौंमा 'ग्रान्ड एक्सचेन्ज कार्निभल' आयोजना गरेको छ । पुराना मोटरसाइकल वा स्कुटर एक्सचेन्ज गरी नयाँ बजाज मोटरसाइकल लान सकिनेगरी कम्पनीले भृकुटीमण्डपमा शुक्रबारदेखि ८ गतेसम्म सञ्चालन हुनेगरी सो कार्निभल आयोजना गरेको हो ।

ग्राहकलाई लक्षित गरी ल्याइएको यस योजनामा २२ भन्दा बढी मूल्यांकनकर्ताबाट आफ्नो पुरानो सवारीसाधनको उच्चतम मूल्यांकन प्राप्त गर्न सकिने जनाइएको छ । साथै, थप मूल्यांकन १० हजार रुपैयाँसम्मको, आकर्षक नगद छुट, निःशुल्क एसेसरिज र अन-द-स्पट फाइनान्स सुविधा उपलब्ध हुने कम्पनीले जनाएको छ ।

त्यसैगरी, सहभागीले प्रत्येक दिन हुने लक्की ड्रमार्फत ५० हजार रुपैयाँसम्म जित्ने अवसर पाउनेछन् । साथै, 'चेतक एक्सपिरियन्स जोन'मार्फत बजाजको नयाँ इलेक्ट्रिक स्कुटर चेतकको अनुभव लिन पनि सकिनेछ । यस योजनाअनुसार जुनसुकै कम्पनीका पुराना बाइक वा स्कुटर ल्याई तत्कालै नयाँ बजाज बाइक खरिद गर्न सकिनेछ ।

त्यस्तै, नागरिकताको आधारमै फाइनान्स गर्न सकिने भएकाले, पहिलेझैं घरजग्गाको लालपुर्जा, बिजुली वा पानीको बिल, आयस्रोतको प्रमाणपत्रजस्ता कागजात आवश्यक नपर्ने कम्पनीले जनाएको छ । शून्य सर्भिस चार्ज र सरल किस्ताबन्दीमा बाइक लिन चाहने ग्राहकले पनि अन-द-स्पट फाइनान्स गरेर सजिलै मोटरसाइकल प्राप्त गर्न सक्नेछन् ।

# पुँजीबजारका समस्या पहिचान गर्न कार्यदल गठन




**काठमाडौं/मस–** सरकारले पुँजीबजारमा देखिएको समस्या पहिचानका लागि चार सदस्यीय कार्यदल गठन गरेको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयका अनुसार पुँजीबजारमा विकसित विसंगति तथा समस्याको अध्ययन गरी तत्काल आमलगानीकर्ताको मनोबल वृद्धिका लागि चाल्नुपर्ने प्रणालीगत तथा प्रक्रियागत सुधारका लागि सुझाव र ठोस कार्यान्वयन कार्ययोजना (रोडम्याप) पेस गर्न कार्यदल गठन गरिएको हो । धितोपत्र बोर्डका कायममुकायम कार्यकारी निर्देशक रुपेश केसीको संयोजकत्वमा कार्यदल गठन भएको हो । कार्यदलको सदस्यमा नेपाल राष्ट्र बैंकका निर्देशक शरण अधिकारी, नेपाल स्टक एक्सचेन्ज लिमिटेडका कायममुकायम कार्यकारी निर्देशक निरन्जन भट्टराई र अर्थ मन्त्रालयका उपसचिव शरद निरौला सदस्य सचिव रहेका छन् ।


**युएईमा रोजगार**
कम्पनी: STALLION ON DEMAND LABOR SUPPLY LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०३/१० — चलानी नं.: ६०२४००७१ — L.T. No.: 326095 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 193 | 0 | स. काममा दक्ष | 850 | ३२,५६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ११ गते (27 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ANJULIMA INT'L People. Factor. Perspective
**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोनः ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com



**युएईमा रोजगार**
कम्पनी : ALEC ENGINEERING & AMP; CONTRACTING L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/११ — चलानी नं.: ६०२१३८०२ — LT. No.: 298817 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४२,१४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 1 | 0 | | 1100 | ४२,१४१ | | | | | | | |
| 3. | Building Labourer | 50 | 0 | | 900 | ३४,४७९ | | | | | | | |

कम्पनी : ALEC ENGINEERING AND CONTRACTING L L C - DUBAI BRANCH — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०४/१३ — चलानी नं.: ६०२२२९६१ — LT. No.: 308114 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Mason | 12 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,९७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 6 | 0 | | 1200 | ४५,९७२ | | | | | | | |



अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ११ गते (27 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।



**SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.**
श्रम इजाजत नं. २६१/०५८/०५९
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4541707 (6 Line), www.shikharmanpower.com.np


# दाबी भुक्तानी प्रक्रिया शीघ्र निष्कर्षमा पुर्‍याउने संघको प्रतिबद्धता



**काठमाडौं/मस–** नेपाल निर्जीवन बिमा व्यवसायी संघले आन्दोलनका क्रममा भएको क्षतिको दाबी भुक्तानी प्रक्रीया शीघ्र निष्कर्षमा पुर्‍याउन प्रतिबद्ध रहेको जनाएको छ । बिमा गरेका सवारी साधन तथा भौतिक संरचनाको क्षतिको यथार्थ विवरणसहित सम्बन्धित निकायमा प्रक्रिया अघि बढाउन संघले आग्रहसमेत गरेको हो ।

वर्तमान अवस्थामा बिमाको महत्व थप बढेको सन्दर्भमा बिमा कम्पनीहरूले आफ्नो सामाजिक उत्तरदायित्व पूरा गर्दै बिमितको क्षतिपूर्तिका लागि आवश्यक प्रक्रिया तीव्र रूपमा अगाडि बढाइरहेको संघले जनाएको छ । बिमित सम्पत्तिमा भएको क्षतिको यथाशीघ्र मूल्यांकन गरी, क्षति विवरणको आधारमा दावी भुक्तानी प्रक्रिया शीघ्र निष्कर्षमा पुर्‍याउने संघले स्पष्ट पारेको छ ।

संघका अध्यक्ष राजेन्द्र मल्लले बिमितहरूले आफ्नो क्षतिको विवरणसहित आवश्यक कागजातहरू चाँडो बिमा कम्पनीमा बुझाई दाबी प्रक्रिया सहज बनाउने कार्यमा सहयोग गर्न अपिल गरेका छन् । साथै, बिमा कम्पनीहरूले पनि दाबी भुक्तानी प्रक्रिया छिटो टुंगोमा पुर्‍याउने उद्देश्यका साथ काम गरिरहेको अध्यक्ष मल्लले बताए ।

# अलैंचीको बजार मूल्य घट्यो



**झापा/मस–** नगदे बाली अलैंचीको बजार भाउमा गिरावट आएको छ । नेपाल अलैंची व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष दीपक नेपालले प्रमुख व्यापारिक केन्द्र बिर्तामोडमा आज अलैंची प्रतिमन (४० किलो) विभिन्न ग्रेडअनुसार ८१ हजार रुपैयाँदेखि ९२ हजारसम्ममा बिक्री भइरहेको बताए ।

सबैभन्दा राम्रो गुणस्तरको अलैंचीलाई 'बोल्ड' भनिन्छ । उहाँका अनुसार 'बोल्ड' अलैंचीको अहिलेको बजार भाउ प्रतिमन ९२ हजार रुपैयाँ रहेको छ । सामान्य गुणस्तरको अलैंची 'चालु' भनेर चिनिन्छ । जसको भाउ प्रतिमन ८१ हजार रुपैयाँ रहेको छ ।

मध्यम गुणस्तर अर्थात् 'जेजे' भनेर चिनिने अलैंचीको भाउ प्रतिमन ८४ हजार रुपैयाँ रहेको अध्यक्ष नेपालले जानकारी दिए । भदौ पहिलो साता अलैंचीको बजार मूल्य अकासिएको थियो । उसबेला प्रतिमन ९४ हजार रुपैयाँसम्ममा अलैंची खरिद-बिक्री भएको थियो ।

## राष्ट्रिय खाद्य बैंक लिमिटेड
**रजिष्टर्ड कार्यालय का.म.न.पा. ३२ जडिबुटी, काठमाडौं**

### पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०६/०४ गते**

आदरणीय शेयरधनी महानुभावहरु,
यस राष्ट्रिय खाद्य बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०५/२५ गतेको बैठकको निर्णयानुसार यस कम्पनीको पाँचौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन को दफा ६७ (२) अनुसनर सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**
मिति : २०८२/०६/२५ (तदनुसार अक्टोम्बर ११, २०२५ शनिबार )
स्थान : हेरिटेज प्यालेस, राधेराधे, भक्तपुर (भाटभटेनी अपोजिट
समय : बिहान ११ बजे

**छलफलका विषयहरु :**
**क) साधरण प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षको वार्षिक प्रतिबेदन उपर छलफल गरि पारित गर्ने ।
२. आ.व.०८१/०८२ सालको वासलात, नाफा नोक्सान सहितको लेखापरिक्षण प्रतिबेदन उपर छलफल गरि पारित गर्ने ।
३. आ.व. ०८२/०८३ सालको हरहिसाब लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्त गरी निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. संचालक समितिको निर्वाचन ।
५. विविध ।

**ख) विशेष प्रस्तावहरु :**
१. सर्वसाधारणको लागि कम्पनीको साधारण शेयर सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न/गराउन सञ्चालन समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
२. कम्पनीको पूँजी संरचना हेरफेर तथा सोही बमोजिम प्रबन्ध पत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।
३. नियामक निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा कुनै संशोधन, थपघट वा परिमार्जन गर्नको लागि राय सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक सम्पूर्ण कार्य गर्न/गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**ग) विविध**

**कम्पनी सचिव, प्रा. डा जिवनाथ धिताल**

## न्यू नेपालगञ्ज सौर्य विद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारीका लागि क्षेत्र निर्धारण (Scoping) सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति २०८२-०६-०४**

लुम्बिनी प्रदेश, बाँके जिल्ला, बैजनाथ गाउँपालिका र खजुरा गाउँपालिकामा सोल पावर लि द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः सोल पावर लि.<br>ठेगानाः काठमाडौं महानगरपालिका-१०, बानेश्वर, गोल्यान टावर |
| प्रस्तावको व्यहोरा | न्यू नेपालगञ्ज सौर्य विद्युत आयोजना बाँके जिल्लाको बैजनाथ गाउँपालिका, वडा नं. ७ र खजुरा गाउँपालिका वडा नं. ४ मा निजी स्वामित्वको ३५ हेक्टर (५२ बिघा) जग्गामा निर्माण गरिने छ । प्रस्तावित आयोजनाको भौगोलिक अवस्थिति पूर्व ८१ ° ३६' ५५" पूर्वी देशान्तर देखि पश्चिम ८१ ° ३६' १५" पूर्वी देशान्तरसम्म र उत्तर २८ ° ०९' ३०" उत्तरी अक्षांश देखि दक्षिण २८ ° ०८' ५४" उत्तरी अक्षांशसम्म रहेको छ । आयोजनाका मुख्य संरचनाहरुमा सोलारप्यानल, इन्भर्टर, ट्रान्सफर्मर र Main Control Room (MCR) पर्दछन् । आयोजनाको कूल उत्पादन क्षमता ३० मे. वा रहनेछ । |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. | बाँके जिल्ला, बैजनाथ गाउँपालिका वडा नं. ७ र खजुरा गाउँपालिका वडा नं. ४ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धि क्षेत्र निर्धारण (Scoping) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा केकस्तो प्रभाव पर्दछ भनी यकिन गर्न बैजनाथ गाउँपालिका र खजुरा गाउँपालिका तथा सो क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, सरोकारवाला व्यक्ति तथा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराईदिनुहुन वातावरण संरक्षण नियमावली २०७७ को नियम ४ को उपनियम २ बमोजिम अनुरोध गरिन्छ ।

रायसुझावको लागि पत्राचार गर्ने ठेगानाः

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नामः सोल पावर लि.<br>ठेगानाः काठमाडौं महानगरपालिका-१०, बानेश्वर, नेपाल<br>इमेलः info@golyangroup.com<br>फोन नं.: ०१-५९१२८१२, ०१-५९१२८१३/१४ | एक्स्पर्ट्स पोइन्ट एण्ड रिसर्च सेन्टर प्रा.लि<br>ठेगानाः काठमाडौं महानगरपालिका-३१, नयाँ बानेश्वर, नेपाल<br>इमेलः expertpoint.research@gmail.com<br>फोन नं. ९८५१००८१२३ |

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०
४ असोज २०८२ शनिबार
20 September 2025 Saturday



# ‘बलिदान’को ट्रेलरमा भरपुर एक्सन

**काठमाडौं/मस–** चलचित्र ‘बलिदान’को ट्रेलर शुक्रबार सार्वजनिक गरिएको छ। यसअघि उक्त चलचित्रको पोस्टर, प्रि-टिजर, टिजर र गीत सार्वजनिक भइसकेको छ।

ट्रेलरमा अभिनेत्री ॠचा शर्मा आमालाई भूमिकामा देख्न सकिन्छ। देशभक्तिभाव झल्काउन खोजिएको उक्त चलचित्रको ट्रेलरमा कलाकार अर्पण थापा, सौगात मल्ल र महेन्द्र बुढाथोकी फरक अवतारमा देखिएका छन्। मल्लले आफूलाई राक्षस बन्न बाध्य पारेको संवाद प्रस्तुत गरेका छन् भने समीर र सौगातबीचको द्वन्द्व दृश्य विशेष रूपमा प्रस्तुत गरिएको छ।

यसअघि सार्वजनिक गरिएको टिजरमा सौगात मल्लको मसाल बोकेको दृश्य, हेमन्त बुढाथोकीको संवाद र ॠचा शर्माको भावनात्मक प्रश्न समेटिएको छ। निर्देशक सन्तोष सेन स्वयं आदिवासी पात्रका रूपमा देखिएका दृश्यले टिजरलाई थप रोचक बनाएको छ।

चलचित्र ‘बलिदान’लाई बहुप्रतीक्षित नेपाली चलचित्रका रूपमा हेरिएको छ। निर्देशक सेनले यसअघि बलिदानलाई चलचित्र मात्र नभई हरेक नेपालीको मनको विद्रोहको प्रतीक भएको बताएका थिए। यसबीचमा, चलचित्रको शीर्ष गीत ‘यो ज्यान बलिदान’ले चर्चा बटुलिसकेको छ। सुजन चापागाईंको स्वर र संगीत, हर्क साउदको शब्दमा तयार गीतले जनमानसमा चर्चा पाइरहेको छ।

आसुसेन फिल्म्स प्रालिको ब्यानरमा बनेको यो चलचित्रमा समीर भट्ट, सौगात मल्ल, अर्पण थापा, ॠचा शर्मा, कविता राय, हेमन्त बुढाथोकी, प्रेम पुरीलगायतको अभिनय छ। निर्माता पवन ब्राडफोर्ड बिस्ट र कार्यकारी निर्माता प्रेम पुरी छन्। चलचित्र बडादसैंको फूलपातीको दिन (असोज १३ गते) प्रदर्शनमा आउने जनाइएको छ।

# मिस्टर नेपालको ग्रान्ड फिनालेमा ३० युवा

**काठमाडौं/मस–** ‘मिस्टर नेपाल २०२५’को ग्रान्ड फिनाले शनिबार आयोजना हुँदैछ। होटल सोल्टीमा आयोजना हुने प्रतियोगिताको शीर्ष उपाधिका लागि ३० युवा भिड्दैछन्। प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजक नेक्स्ट मोडल्स नेपालका सिइओ रवि धमलाले जानकारी दिए।



देशका प्रतिष्ठित व्यक्तिहरुको सहभागिता रहने प्रतियोगितामा कृष्ण कसुधम नेपालगन्ज, इन्द्र ढुंगेल महेन्द्रनगर, रेजो नकुमार गौतम धनगढी, सन्देश गजुरेल नुवाकोट, निशान्त बुढायर कञ्चनपुर, कुशग्र गुप्ता नेपालगञ्ज, सत्यम पाठक काठमाडौं, निश्चल मानन्धर हेटौंडा, अजय रौनियार दुहबी सुनसरी, विजय स्याङ्तान मकवानपुर, अशिम बस्नेत, गिरीश रत्न शाक्य भद्रपुर झापा, प्रणिप श्रेष्ठ काठमाडौं, अजय रिजाल धगढी, सक्रिया घिसिङ तामाङ काठमाडौं, सन्दीप भारती काठमाडौं, एञ्जल गिरी धरान, आशिष गिरी अमेरिका, अष्टिन शेरचन ललितपुर, दर्पण सिंह गिरी पोखरा, दिनेश गुरुङ स्याङ्जा, हिमाञ्चल राज केसी ललितपुरस्, निशान कार्की विराटनगर, सबल कटुवाल कटारी, उदयपुर, विशनजंग निरौला इटहरी, सुजल उपाध्याय भैरहवा, प्रकाश चौहान मोरङ, निशान्त केसी सुर्खेत, लक्ष्मणचन्द ठकुरी बैतडी र प्रभात थापा क्षेत्री नेपालगञ्ज उपाधिका लागि भिड्दैछन्। सबै प्रतियोगी स्वमिङ, फुटबल, रक क्लाइमिङ, समाजसेवा, सर्ट हाइकिङग, क्याटवाक, व्यक्तित्व विकास, पब्लिक स्पिकिङलगायतका दर्जन बढी विषयको प्रशिक्षणसहित फाइनलमा उत्रिन लागेको आयोजक नेक्स्ट मोडल्स नेपालकी प्रबन्ध निर्देशक यत्ना पाण्डेले जानकारी दिइन्।

प्रतियोगितामा ‘मिस्टर वर्ल्ड नेपाल’, ‘मिस्टर ग्लोबल नेपाल’ र ‘म्यान अफ द वर्ल्ड नेपाल’ गरेर तीन विजेता छानिनेछ। विजेताले ‘मिस्टर वर्ल्ड २०२५’ वा ‘मिस्टर ग्लोबल २०२५’ मा नेपालको प्रतिनिधित्वका साथै ५ लाख बराबरको पुरस्कार हात पार्नेछन्। प्रतियोगिताको कोरियोग्राफर तथा मेन्टरसिप प्रशान्त ताम्राकार रहेका छन्।

युवाहरुको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, क्षमता उजागरलगायत नेतृत्वदायी क्षमता विकास गर्ने उद्देश्यले २००१ देखि नियमित आयोजना हुँदै आएको प्रतियोगिता पुरुषहरु सहभागी हुने नेपालकै ठुलो र प्रतिष्ठित हो।

# सानुको पहिलो कृति गजल संग्रह ‘मकरन्द’ विमोचन



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३ असोज

नेपाली साहित्यिक आकाशमा नवोदित साहित्यकार सन्दीप थपलिया ‘सानु’को नयाँ कृति थपिएको छ। सानुद्वारा बहर र बे-बहर दुवै समेटेर लेखिएको गजल संग्रह ‘मकरन्द’को कतारमा विमोचन भएसँगै साहित्यिक आकाशमा नयाँ कृति थपिएको हो।

कतारमा शुक्रबार सम्पन्न १६०औं मोतिजयन्ती, अनेसास कतार च्याप्टरको ११औं अधिवेशन तथा अनेसास-नवोदित साहित्यिक वाचन डबली १६२औं वाचन श्रृंखलामार्फत सानुको गजल संग्रह ’मकरन्द’को विमोचन गरिएको हो। एक सय एक वटा गजल समावेश भएको कृतिलाई कार्यक्रमका सभापति यादव रेग्मी, प्रमुख अतिथि नेपाल पत्रकार महासंघ कतार शाखाका अध्यक्ष दिलकुमार श्रेष्ठ, नेपाली काव्य क्षेत्रका उपल्लाधुरी, अग्नि महाकाव्य (२०७८)का लागि मदन पुरस्कार विजेता श्रद्धेय कवि डा. नवराज लम्साल, स्वयं लेखकलगायतले सामूहिक रूपमा कृतिको विमोचन गरेका थिए।

पुस्तकका बारेमा साहित्यकार श्यामराज रानाभाटले आफ्ना धारणा राख्दै पुस्तकको समीक्षा पाठकले गर्ने हुँदा कृति विमोचनलगत्तै समीक्षा आवश्यक नरहने सुझात्मक समीक्षा गरे। आँखा कृति लेख्ने क्रमका अनुभव साट्दै लेखक सानुले नेपालबाट साहित्यमा कलम चलाउँदै आएको स्मरण गर्दै कतारमा रहेका साहित्यिक संस्था अनेसास कतार च्याप्टर र नवोदित साहित्यिक वाचनालय कतारसहित आफ्नो परिवारलगायत सबैप्रति आभार व्यक्त गरे। उनले नेपाली साहित्यलाई थप मलजल गर्ने प्रतिबद्धता जनाए।

पुस्तकमा समावेश एक गजल साहित्यकार निर्दोष बस्यालले वाचन गरेका थिए। पब्लिकेसनबाट बजारमा आएको पुस्तकको मूल्य ३ सय ९९ रुपैयाँ कायम गरिएको छ।

विसं २०५५ साल मंसिर २८ गते तेह्रथुमको आठमे गाउँपालिका वडा नम्बर ६ मा जन्मिएका लेखक थपलिया वैदेशिक रोजगारीको सिलसिलामा सन् २०१७ को अन्तिममा कतार प्रवेश गरेका हुन्। स्नातकसम्मको अध्ययन गरेका थपलिया कतारमा हरेक महिना सञ्चालन हुने वाचन डबलीअन्तर्गत ८४औं डबलीबाट कतारमा हुर्कँदै गरेको साहित्यसँग जोडिएका हुन्। साहित्यिक संस्था नवोदित साहित्यिक वाचनालय कतारका भूतपूर्व अध्यक्षसमेत रहेका थपलियाका परिवार झापाको विर्तामोड ८ गरामनी बसोबास गर्छन्। उनको बुबा-आमा, भाइ र श्रीमतीसहित ५ जनाको परिवार रहेको छ।

# सीमा आभासको उपन्यास ‘महायुग’ सार्वजनिक




**काठमाडौं/मस–** साहित्यकार सीमा आभासको पहिलो उपन्यास ‘महायुग’ सार्वजनिक भएको छ। स्त्रीको सीमातीत शारीरिक शक्ति र आत्मालाई चिनेपछि मात्र सारा मानव संसार र सृष्टि उज्यालो हुने सन्देश बोकेको उपन्यासमा एक नारीको आत्मजागृतिको कथालाई एक पिँढीदेखि अर्को पिँढीसम्मका चार पुस्तामा चित्रांकन गरिएको छ।

विगतका भूकम्प, भारतीय नाकाबन्दी र कोरोनाकालमा नेपाली साहित्य क्षेत्रलाई चलायमान बनाउन आफूले खेलेको भूमिका स्मरण गर्दै देशको आजको विषम परिस्थितिमा पनि पुस्तक सार्वजनिक गरेको प्रेस विज्ञप्तिमार्फत बुकहिलले जनाएको छ। विज्ञप्तिमा भनिएको छ, ’एक जिम्मेवार प्रकाशन संस्था भएकाले अहिलेको जेनजी पुस्ताले समेत नेपाली साहित्य पढुन् भन्ने उद्देश्यले समेत यो उपन्यास सार्वजनिक गरिएको हो। पुस्तक अवश्य पनि पाठकप्रिय बन्नेछ।’ पुस्तकबारे लेखक सीमा आभास भन्छिन्, ’हाम्रो समाजले आफू अनुकूलको बन्धनभित्र स्त्रीलाई राख्ने गरेको छ, तर स्त्रीभित्र जुन दबिएको स्त्री-शक्ति छ, त्यसलाई जागृत गराई बाँच्न चाहेको परिकल्पनामा मैले उपन्यास लेखेकी हुँ।


## Invitation for Sealed Quotation

## Chaurjahari Municipality
## Office of Municipal Executive

**Rukum West**

**Date of Publication :2025/09/19**

1. The Chaurjahari Municipality invites sealed quotations from registered Suppliers.
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Chaurjahari Municipality Rukum West., 9857826111, ito.chaurjaharimun@gmail.com.OR [may visit PPMO website www.bolpatra.gov.np.]
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO’s e-GP i.e www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document Fee RS 1000 in the following account till 2025/10/05, 12:00 during office hours.
   i. Name of the Bank : Rastriya Banijya Bank Ltd. ii. Name of Office : Chaurjahari Municipality
   iii. Office Code no : 80659402300 iv. Office Account No : 4330100301010002
   v. Rajaswa (revenue) Shirshak No : 14265
4. Sealed bids must be submitted to the by e-GP system i.e www.bolpatra.gov.np/egp on or before 2025/10/05, 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2025/10/05, 12:30 at the office of Chaurjahari Municipality Rukum Karnali Province Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Rs 30000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. [4330100303000002] at [Rastriya Banijya Bank Ltd. Main Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S.N. | Name of Project | IFB NO. | Bid Document fee | Bid-Bond | Remarks |
|---|---|---|---|---|---|
| 1. | Supply & Delivery of veterinary Medicines For Chaurjahari Municipality Rukum West. | CJM/GOODS/SBQ/02/082/083 | 1000 | 30000 | |